# आरक्षण व्यवस्थाले दलित समुदायमा पारेको राजनीतिक प्रभाव (महोत्तरी जिल्ला महोत्तरी गाँउपालिका वडा नं. २ मा गरिएको एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार पारिएको
शोधपत्र


**प्रस्तुतकर्ता**

विकास कुमार ठाकुर

टि.यू रजिष्ट्रेसन नंः ६-१-४०-१६०-२००४

सिम्बोल नं : २८१८५३/०६९

समाजशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०८०

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर**

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता पुरा गर्नको लागि मानविकी संकाय अन्तर्गत समाजशास्त्र केन्द्रिय विभागका छात्र श्री विकास कुमार ठाकुरले मेरो निर्देशनमा **आरक्षण व्यवस्थाले दलित समुदायमा पारेको राजनीतिक प्रभाव (महोत्तरी जिल्ला महोत्तरी गाँउपालिका वडा नं. २ मा गरिएको एक समाजशास्त्रीय अध्ययन)** विषयको शोधपत्र तयार गर्नु भएकोले अन्तिम मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पेश गर्न सिफारिस गर्दछु ।

.........................

**विष्णु प्रसाद वसेल**

शुपरीवेक्षक

समाजशास्त्र केन्द्रिय विभाग,कीर्तिपुर

मितिः

## त्रिभुवन विश्वविद्यालय

## समाजशास्त्र केन्द्रिय विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता पुरा गर्नको लागि मानविकी संकाय अन्तर्गत समाजशास्त्र केन्द्रिय विभागका छात्र श्री विकास कुमार ठाकुरले प्रस्तुत गर्नुभएको **आरक्षण व्यवस्थाले दलित समुदायमा पारेको राजनीतिक प्रभाव** (**महोत्तरी जिल्ला महोत्तरी गाँउपालिका वडा नं. २ मा गरिएको एक समाजशास्त्रीय अध्ययन**) को समाजशास्त्रिय अध्ययन बारेको शोधपत्रलाई मूल्याङ्कन समितिद्धारा स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

**डा. युवराज लुईंटेल** ......................................

विभागीय प्रमुख

**विष्णु प्रसाद वसेल** .....................................

शोध सुपरिवेक्षक

**बलराम आचार्य** .....................................

बाह्य परीक्षक

मितिः

# विषय सूची

## अध्याय-एक

## परिचय


१.१ अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ३

१.३ अनुसन्धानात्मक प्रश्नहरु ४

१.४ अध्ययनको उद्देश्य ४

१.५ अध्ययनको अवधारण ४

१.६ अध्ययनको महत्व तथा औचित्य ५


## अध्याय-दुई

## सन्दर्भ साहित्यको समिक्षा


२.१ सैद्धान्तिक समिक्षा ६

२.२ अनुभवजन्य समिक्षा ११

२.३ नीतिगत समिक्षा १६

२.४ अध्ययनको अवधारणा २१


## अध्याय : तीन

## अनुसन्धान विधि


३.१ अनुसन्धानको ढाँचा २३

३.२ तथ्यांकको स्रोत २३

३.३.१ प्राथमिक स्रोतः २३

३.३.२ द्धितिय स्रोतः २३

३.४ समग्रता नमुना छनौट २३

३.५ तथ्यांक संकलन विधि २४

३.५.१ अन्तर्वाता अनुसूची २४

३.६ तथ्याङ्क प्रस्तुतकर्ता तथा विश्लेषण २४
३.७ तथ्याङ्कको विश्वशनयिता र वैद्यता २४
३.८ अध्ययनको सिमा २५

## अध्याय चार

## तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

४.२ दलित जातिको सामाजिक अवस्था २६
४.२.१ जनसंख्या २८
४.२.२ वैवाहिक स्थिति २८
४.२.३ परिवारको संरचना २९
४.२.४ शिक्षाको अवस्था ३०
४.२.५ स्वस्थ्य अवस्था ३१
४.२.६ आरक्षण सम्वन्धी चेतनाको अवस्था ३२
४.२.७ आरक्षण व्यवस्थाको प्रदान ३३
४.२.८ विभेदीकरणको निवारण ३४
४.२.९ सार्वजनिक स्थानमा भएको भेदभावमा पारेको प्रभाव ३५
४.२.१० घर प्रवेशमा पारेको प्रभाव ३६
४.२.११ धार्मिक स्थल प्रवेशमा पारेको प्रभाव ३७
४.२.१२ निजामती सेवामा आरक्षणको योगदान ३८
४.३ आर्थिक अवस्था ३९
३.३.१ परम्परागत जातीय र आधुनिक पेशाको अवस्था ३९
४.४.२ जग्गाको स्वमित्व ४०
४.४.३ कृषि ४१
४.४.५ श्रम वा ज्यालादारी ४२
४.४.६ व्यवसाय/व्यापार ४३

४.४.७ नोकरी ४३

४.४.८ उत्पादन ४३

४.४.९ वार्षिक आम्दानी ४४

४.४.१० वार्षिक खर्च ४५

४.४.११ ऋण तथा कर्जा, ५०

४.४.१२ बचत ५२

४.४.१३ आरक्षण व्यवस्थाले नोकरी क्षेत्रमा पारेको प्रभाव ५२

४.५ आरक्षण व्यवस्थाले राजनीतिक क्षेत्रमा पारेको प्रभाव ५४

**अध्याय पाँच**

**सारांश र निष्कर्ष**

५.१ सारांश ५६

५.२ निष्कर्ष ५६

सन्दर्भ सामाग्रीहरु

अन्तर्वाता अनुसूची

## अध्याय-एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभुमि

बृहत् नेपाली शब्दकोषका अनुसार दलित शब्दको अर्थ दलिएका, पिछडिएका, थिचिएका, हेपिएका, पिसिएका भनिएको छ (आह'ति, २०६७) ।दलितको अर्थ हो अति ज्यादा दलनमा परेको समुदाय । हेलाहोचो, भेदभाव र उत्पीडनमा परेको समुदाय भएको अर्थमा कामी, दमाई, सार्की, गाइने, वादी, मुसहर, डोम, जस्ता समुदायलाई एकमुष्ठ रुपमा नेपालमा दलित भनिन्छ । पहाडी, नेवारी र तराई पनि दलित छन् । यद्यपि कतिपयले सबै शोषित समुदायलाई दलित वर्गमा राख्ने पनि गर्दछन् । तर यो व्यापक अर्थले वास्तविक दलितको मर्मलाई समेट्न सक्दैनन् । अछुत र बहिष्कृत जातिलाई बुझाउने अर्थमै दलित शब्द रुढ भइरहेको छ । त्यसैले दलित शब्दलाई यही अर्थ मै बुझ्नु उपयुक्त हुन्छ । “दलित” शब्दले हिन्दु समाजमा वर्णव्यवस्था अनुसार “अछुत” बनाएको ब्राहमण-क्षेत्री-वैश्य-शुद्र मध्ये शुद्र सबै भन्दा ‘तल्लो जातमा पर्ने र सामाजिक-सास्कृतिक तथा आर्थिक रुपमा सबै भन्दा पछाडि पारिएका समुदाय’ लाई बुझाउँछ । नेपाली समाजको सन्दर्भमा “अछुत” वा “पानी अचल” बनाइएको त्यस्तो उत्पीडित समुदाय नेपालमा एउटै जातिय भित्र मात्र पर्दैन् । यो जात खस-पहाडिया, मधेशी र नेवारी गरी तिनै समुदायका “पानी नचल्ने” बनाइएका जातको साझा परिचय दिन सक्ने अर्थ बोकिसकेको छ (आहुति, २०६७:२) ।

नेपालको सन्दर्भमा यसले जातिय छुवाछुत र विभेदमा समुदायहरुको स्वपहिचान, जातीय छुवाछुत र विभेदको अन्त्य तथा समातामुलम समाजको स्थापना गर्नको लागि भइरहेको सङघर्षको प्रतिनिधित्व गर्दछ भट्टचन र अन्य (२०६५:१६) । राष्ट्रिय दलित आयोगले दलित समुदाय भन्नाले जातिय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक आर्थिक, शैक्षिक र रमजनितिक एंव धार्मिक क्षेत्रमा समाजको सबै भन्दा पछाडि पारिएको र कानवीय सम्मान एंव सामाजिक न्याय पाउन नसकेको जात समुदायलाई जनाउँछ भोको छ (पूर्ववत) । चैतन्य भन्दछन “यस अर्थमा हामी दलित समुदायलाई वर्गी अन्तर्यमा आधारित सामाजिक सास्कृतिक समुदायका रुपमा परिभाषित गर्न सक्दछौ” चैतन्य (२०६६:११३) त्यसैले सारमा भन्दा दलित शब्दले जातीय छुवाछुतको मारमा परेका सबै पक्षबाट अपेक्षित, सामाजिक सास्कृतिक रुपबाट पछाडि पारिएका, अपहेलित, बहिष्कृत तथा उत्पीडित श्रमजीवि समुदायलाई जनाउछ । आजको दलित समुदाय हिन्दु वर्णव्यवस्थाको सबै भँदा तल्लो शुद्र वर्णकै निरन्तरता हो । त्यसैले यसको जरो खोतल्न हिन्हु वर्ण व्यवस्थाको सारसम्म पुग्न जरुरी हुन्छ ।

दलित शब्दले फुटेको, टुक्रियको, ढलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको र नष्ट गरिएको भाव बुझाउछ । आजभोलि दलितको परिभाषा अछुत जातसँग जाडिएको छ । यद्यपि कतिपयले सबै शोषित समुदायलाई दलित वर्गमा राख्ने पनि गर्दछन् । तर यो व्यापक अर्थले वास्तविक दलितको मर्मलाई समेट्न सक्देन् । अछुत र बहिष्कृत जातिलाई बुझाउने अर्थमै दलित शब्द रुढ भइरहेको छ । त्यसैले दलित शब्दलाई यही अर्थ मै बुझ्नु उपयुक्त हुन्छ । “दलित” शब्दले हिन्दु समाजमा वर्णव्यवस्था अनुसार “अछुत” बनाएको ब्राहमण-क्षेत्री-वैश्य-शुद्र मध्ये शुद्र सबै भन्दा ‘तल्लो जातमा पर्ने र सामाजिक-सास्कृतिक तथा आर्थिक रुपमा सबै भन्दा पछाडि पारिएका समुदाय’ लाई बुझाउँछ । नेपाली समाजको सन्दर्भमा “अछुत” वा “पानी अचल” बनाइएको त्यस्तो उत्पीडित समुदाय नेपालमा एउटै जातिय भित्र मात्र पर्दैन् । यो जात खस-पहाडिया, मधेशी र नेवारी गरी तिनै समुदायका “पानी अचल” बनाइएका जातको साझा परिचय दिन सक्ने अर्थ बोकिसकेको छ । आहुति (२०६७:२)

नेपालमा अहिले चलिरहेको पुनसंरचना सम्बन्धि बहसमा दलित समुदायको मुक्तिको प्रश्न प्रत्यक्ष रुपमा गासिएको छ । जनसङ्ख्याको झन्डै २० प्रतिशत खण्ड ओगटिएका दलित पहाडीया आर्य-खस, मधेसी र नेवारी गरी तीनवटा समुदायमा रहेको छन् । समाजको पीधमा परेका दलित समुदाय आर्थिक, राजनीतिक तथा सामाजिक-सास्कृतिक रुपले सबै भन्दा शोषित एंव उत्पीडित अवस्थामा रहेको तथ्य राजनीतिक वृत्रमा सबैस्वीकार्य छ । दलितहरुको करिब छ दसकको आन्दोलन, आधा शताब्दीभन्दा लामो लोकतान्त्रिक राजनीतिक आन्दोलन र विश्वामा भएका खोज-अनुसन्धान एवम मानव मुक्तिका प्रयत्नको प्रभावस्वरुप राजनितिक रुपमा दलित-विषय एउटा प्रमुख केन्द्रीय विषयको रुपमा स्थापित हुन सम्भव भएको हो । नेकपा (माहोवादी) को सक्रिय समर्थन र सात दलको आहवानमा सम्पन्न ०६२/०६३ सालको जनआन्दोलन पछि अग्रगामी परिवर्तनको सम्भावना बलियो देखिएको छ । दसकौ सम्म बेवास्ताको सुचीमा रहेको आरक्षण अधिकारको विषय यति बेला राजनीतिक वृत्तको तार्किक तहमा एउटा प्रमुख मद्याको रुपमा स्थापना हुन पुगेको छ । त्यसरी नै दलित अधिकारका विषयमा पनि राजनीतिक धारहरुले आ-आफ्नै प्रस्ताव र व्यवहारलाई अगाडी बढाइरहेको छन् । यस परिस्थितीमा समाजको अग्रगामी परिवर्तन सँग गासेर-आरक्षण-अधिकारको मुद्यालाई अघि बढाउनुको महत्व र सान्दर्भिता प्रस्ट छ । सामान्यतया आरक्षण भन्नाले सीमान्तकृत समुदायका मानिसलाई निश्चित प्रतिशत सिट नीतिगत व्यवस्था र नियमसङ्गत तवरवाट नियुक्ति निर्वाचित वा प्रातिस्पर्धा गराएर समावेशीकरण गर्न एक अवधारण हो । यसमा राज्यका सीमित अङ्ग, निकाय र संरचनामा सिमीत समुदाय वा समुहलाई सीमित स्थान प्रदान गरिन्छ । त्यसका लागि कुनै एक भन्दा बढी समूह/समुदायलाई कुनै एक वा सोभन्दा बढी अङ्ग निकाय र संरचनामा निश्चित स्थान वा प्रतिशत छुट्याइन्छ ।

आरक्षण वासमावेशी व्यवस्था भनेको राज्यलाई समावेश गराउनु हो । यसको अर्थ हिजो राज्यवाट भएका दमन, विभेद र संरचनागत हिंसाले पछाडि पारेका समुदायलाई राज्यका मूल धारमा ल्याउनु हो । र विशेष गरी कर्मचारीतन्त्र जस्तो राज्यको स्थायी अङ्गमा उनीहरको सम्माजनक प्रतिनिधित्व सुनिश्चित गराउनु हो आरक्षण सामान्यतया विभेद र बहिष्कारण सम्बोधन गर्न उपाय हो । त्यति मात्रै होइन, समावेशिता र विविधता प्रावधान गर्न माध्यम पनि हो । यसले कर्मचारीतन्त्रलाई समावेश सबल र जनमुखी बनाउन सघाउछ । यो सकरात्मक उपाय नीति अन्तर्गतको एक पक्ष मात्र हो । यसले सबै नागरिक वा व्यक्तिहरुको व्यक्तिहरुको व्यक्तिगत समानताको विवरण सामूहिक समानता र सहभागिताको कुरा गर्छ । यो राज्यका सबै समूहहरुलाई नभएर केहि सिमित र निश्चीत तोकिएको वर्ग वा समूहलाई प्रदान गरिन्छ । आरक्षण राज्यमा वा समाजका व्यक्तिहरु विच आर्थिक, सामाजिक राजनितिक अवसर र पहुचको असमानताको अवस्थामा मात्रै लागु गरिएको अवस्थाको असमान व्यावस्था हो (किसान २०७३) ।

## **१.२ समस्याको कथन**

अहिलेको विश्वमा कुनै न कुनै स्वरुपको समावेशीकरण निति अवलम्वन नगरेको मुलक भेटाउन मुस्किल पर्छ । त्यसको कार्यन्वयनको आधार जात-जाति, धर्म, वर्ण, लिङ्ग, वर्ग, शारीरिक अपाङ्गता, अलपसङ्ख्या, आदीवासी तथा जनजाति, आर्थिक पिछडापन र सीमान्तीकरण, उमेर, आप्रवासन र भौगोलीक क्षेत्रहरुलाई मान्ने गरिएको पाइन्छ । त्यसैगरी कार्यन्वयनको क्षेत्र सरकारी र निजी क्षेत्रको रोजगारी विश्वविद्यालयको शिक्षकर विद्यार्थी भर्ना निती निमार्ण तहमा प्रतिनिधित्व आर्थिक उत्पादकत्वमा वृद्धि राजनितिक दलमा प्रतिनिधित्व र क्षेमता अभिवृद्धिलाई मानिएको छ र यो व्यवस्था अवलम्वन गर्नको उद्देश्य विगत र वर्तमानको विभेदले सिर्जना गरेको खाडल पुर्न आर्थीक स्रोत साधन र अवसरहरुको समतामूलक पुनः वितरण गर्न, विविधताको सम्मान संरक्षण र प्रर्वद्धन गर्नु, लैङ्गीक समता कायम गर्न र सामाजिक न्याय स्थापना गर्नु रहेको छ ।

“आरक्षण” का सन्दर्भमा चण्ढोकका अनुसार “आरक्षण” सङ्ख्या वा प्रतिशत बढाएर नव सभ्रान्त वर्गको तयार गर्नु हो भन्ने भनाई चण्ढोकको छ । त्यसैगरी प्रोफेर गोपाल गुरुका अनुसार “आरक्षण” छुवाछुत सँग जोडिएको छ । आर्थीक लाभसँग होइन । चण्ढोक र प्रोफेसर गोपाल गुरुको दुवै जनाको कुरालाई अनुसरण गर्ने हो भने आरक्षणले पिछडिएका दलित तथा अल्पसङ्ख्यक समुदायको लागि उन्मुक्ति पाउन सघाउछ भन्ने कुरामा दुवै जना सहमत हुनु हुन्छ । नयाँ सम्भ्रान्त वर्ग तयार पार्नको लागि समाजमा पिछडिएका वर्ग सामान्यतया सामाजिक, आर्थिक राजनैतिक तत्वहरुलाई विस्तारै माथि उठाउनुपर्दछ । प्रोफेसर गोपाल गुरुका अनुसार आरक्षणमा आर्थिक लाभ सँगै कुरा जोडिदैन यदी यस कुरालाई चण्डोकसँग जोडेर हेर्ने हो भने चण्डोकको आरक्षण नयाँ सम्भ्रान्त वर्ग कसरी तयार हुन्छ । प्रो. गोपाल गुरुका अनुसार आरक्षण छुवाछुत

हटाउन मात्र आरक्षणको व्यवस्था ल्याइएको हो भने यदी मानौ कुनै पनि समाजमा छुवाछुतको समस्या देखा परो भने आरक्षणले नव सम्भ्रान्त वर्गको तयार भयो त ? यदी दलित तथा पिछडीएका वर्गलाई लक्षित गरी आरक्षणको व्यवस्था लागु गरिएको हो भने दलित समूहरुलाई कुन निति अवलम्वन गरिएको छ ।सम्भ्रान्त वर्गको तयार पार्नको लागि सिमीत सरकारी निकायमा मात्र आरक्षणको व्यवस्था गर्न हो भने दलित तथा अल्पसङ्ख्यक वर्गको कसरी नव सम्भ्रान्त तयार हुनसक्छ । त्यसकारण समाजमा छुवाछुतको अन्त्य र नव सम्भ्रान्त वर्गको तयार हुनसाथ सबै वर्गका मानिसहरुको सामाजिक, आर्थिक, राजनैतिक तथा राज्यका हरेक निकायहरुमा सम्मान प्रतिनिधित्व हुनसक्दैन ।

### १.३ अनुसन्धानात्मक प्रश्नहरु

तसर्थ यस अध्ययन अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्न केन्द्रीत रहेकोछ :

१) आरक्षण व्यवस्थाले दलित समुदायको के कस्ता सामाजिक प्रभाव पारेको छ ?

२) आरक्षण व्यवस्थाले दलित के कस्ता आर्थिक प्रभाव पारेको छ ?

### १.४ अध्ययनको उद्देश्य

कुनै पनि विषयको अनुसन्धान गर्नुको पछाडी केही उद्देश्यहरु हुन्छन् जसले अनुसन्धान कार्य सही मार्गमा ल्याउन मद्दत गर्दछ । त्यसैले यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

क) आरक्षण व्यवस्थाले दलित समुदायको सामाजिक जीवनमा पारेको प्रभाव पत्ता लगाउनु ।

ख) आरक्षण व्यवस्थाले दलित समुदायको आर्थिक जीवनमा पारेको प्रभाव पत्ता लगाउनु ।

### १.५ अध्ययनको अवधारण

“आरक्षण” सीमान्तकृत समुदायका मानिसलाई निश्चित सिट छुटुयाएर नितिगत व्यवस्थापन र नियमसङ्गत तवरवाट नियुक्ति, निर्वाचित वा प्रतिस्पर्धा गराएर समावेशीकरण गर्ने अवधारण हो । आरक्षण विभेद र वहिष्कार सम्बोधन गर्ने उपाए हो । त्यति मात्र सिमित नभएर समावेशिता र विविधता प्रवर्दन गर्ने माध्यम पनि हो , यसले कर्मचारीतन्त्रलाई समावेशी सवल र जनमूखी बनाउन सघाउँछ । जनमानसमा अझै पनि आरक्षणको बुझाइ निम्छरो छ । यस्तो बुझाइलाई कुनै नियतवस जनमानसमा सन्प्रेषण गर्नेहरुमा धेरै विचारकहरु पनि छन् । उनीहरु सरकारवाट महिला वा दलितलाई कुनै निकायमा दिइयो भने पनि आरक्षण हो भनिदिन्छन् । आफ्नै पार्टीका मधेसी नेतालाई पार्टीको कुनै कार्यकारी पदमा गरिएको नियुक्तिलाई पनि आरक्षण भन्ने गरिन्छ । त्यसतै जनजनति समुदायका मन्त्रिले केहि आपलन्तहरुलाई कुनै जागिर खुवाएको घटनालाई पनि आरक्षण भन्ने चलन छ । यस्तै अपूर्ण बुझाईका साथ पत्रपत्रिका, भाषण त्यो भन्दा पनि बढी मात्रामा अचेल त सामाजिक सञ्चालनमा कोलाहल मच्चाउने गरिन्छ । कुनै महिला दलित या मुस्लिम

समुदायका कसैले कतै सार्वजनिक लाभ पद पाएकी उनीहरु आरक्षण बाटै छिरे भनेर भ्रम छर्न चलन बढदै गएको छ । यस्तो बुझाइबाट आरक्षणको उपव्याख्या भईरहेको छ ।

**१.६ अध्ययनको महत्व तथा औचित्य**

कुनै पनि जातिको अध्ययनले त्यस जातिको कुनै पनि सम्वन्धमा विभिन्न किसिका तथ्यहरु पत्ता लगाउछ । राज्यको कानुनले सबै जातजातिहरुलाई सम्मान अवसर प्रदान गर्न अठोट गरेको छ । त्यसमा पनि जाति धर्म, लिङ्ग, वर्णको आधारका भेदभाव नगरिएको, महिला पुरुषमा समान कामको लागि पारीश्रमिकमा भेदभाव नगरिएको, सीमान्तकृत समुदायलाई आरक्षणको व्यवस्था नेपालको संविधान २०७२ जस्ता वाक्यहरु उल्लेख भएको पाइन्छ । तर वास्तविक समाजमा त्यसको औचित्य कस्तो रहेको छ ? दलित समुदायमा आरक्षण व्यास्थाले सामाजिक तथा आर्थिक जीवनमा कस्तो प्रभाव पारेको छ ? त्यसलाई बुझनपनि यस अध्ययनले सहयोग पुऱ्याउँछ । दलित जातिहरुमा भएको परिर्वतन ग्रहण गर्न उनीहरुले गर्ने व्यवहारका बारेमा तथ्यहरु अध्ययन अनुसन्धान बिना सम्भव हुँदैन । यस क्षेत्रका यस विषयमा अहिलेसम्म कोही कसैले अध्ययन अनुसन्धान नगरेकोले यस अध्ययन आफैमा महत्व रहेको छ।

# अध्याय-दुई

## सन्दर्भ साहित्यको समिक्षा

### २.१ सैद्धान्तिक समिक्षा

मार्क्सवादी दृष्टिकोणको मुख्य मान्यतामा रहेको “ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद” हो । ऐतिहासिक कुन अर्यमा हो भने दलित समुदायको इतिहास मानव निर्मित हो । जुन वि.स. १९१० मुलुकी ऐन मार्फत जात-व्यवस्था र छुवाछुतलाई कानुनी मान्यता दियो र सबै नेपालीलाई मुख्य तीन जात-तागधारी, मतवाली र अछुतको तहगत प्रथामा विभाजित गऱ्यो । द्वन्द्वात्मक कुन अर्थमा हो भने परिवर्तन ल्याउन वाह्य विरोध र अन्तरविरोध विना हुदैन् । त्यसरी नै आरक्षण व्यवस्था पनि व्यक्ति सजिलै आएको होइन जसमा विभिन्न विरोध, ठक्कर, कलह व्यक्तिदेखि वर्ग र धर्म देखि विचार र शान्तिदेखि युद्धसम्मको द्वन्द्व पार गर्दै आरक्षणको निर्माण भयो । भौतिकवाद कुन अर्थमा हो भने समाज उत्पादन प्रणलीमा आधारित हुन्छ त्यसरीनै आरक्षण व्यवस्थापारी दलित समुदायको उत्पादन प्रणालीमा आधारित छ । जहाँ आरक्षणले सीमान्तकृत समुदायलाई राज्यमा सामावेशीकरण बनाउन सघाउँदछ ।

मार्क्सवादी सिद्धान्तबाट हेर्न सकिन्छ । मार्क्सवाद एउटा दृष्टिकोण हो । जसले उत्पादन प्रणालीमा आएको ऐतिहासिक पुनर्गठनलाई मानव इतिहासको वा परिवर्तनको आधार मानेको छ । जसले नयाँ समाज, साँस्कृतिक, परिपार्टी अर्थतन्त्र, राजनीतिक, विवाह पद्धति, परिवर्तित समुदाय, राष्ट्र र विश्वको निर्माण गर्ने गर्छ । साथै परिवर्तित सामाजिक संरचना र सिंगो विश्व मानव समुदायका लागि न्यायपुर्ण समानतायुक्त, जनतान्त्रिक, स्वतन्त्रतापूर्ण र वास्तविक रुपमा आर्थिक, सामाजिक, सांस्कृतिक रुपमा सम्पन्न छ या छैन भनेर बुझ्नका लागि मार्क्सवाद एउटा दृष्टिकोणको रुपमा समाजशास्त्रमा रहेको छ । प्रो. मणिकलाल श्रेष्ठ भन्छन् मार्क्सवादको विचारधारा भन्नु राजनीतिमा “समाजवाद र साम्यवादको अवश्यम्भावी प्रादुर्भावको भविष्यवाणी” अर्थव्यवस्थामा मुख्यतया “अतिरिक्त मुल्य सिद्धान्त” मानव समाजको प्रकृतिका सम्बन्धमा “वर्गीय संघर्षको धारणा”, यसै साहित्यमा “वर्गीय साहित्यको दृष्टिकोण”लाई लिन सकिन्छ । (संलेषण मासिक २०६३) ।

जसरी यस सिद्धान्त अनुसार उत्पादन प्रणालीमा आएको ऐतिहासिक पुनर्गठनलाई मानव इतिहासको परिवर्तनको आधार मान्दछ र नयाँ समाजको निर्माण गर्ने गर्दछ । त्यसरी नै आरक्षण व्यवस्थाले दलित समुदायमा रहेको इतिहासलाई सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थामा परिवर्तन गरी नयाँ समाज निर्माण गर्दछ । जुन इतिहासको भन्दा भिन्न हुनेछ । जहाँ मार्क्सवाद

अनुसार सम्पुर्ण वैज्ञानिक विचार मानिएको छ । त्यसरी नै आरक्षण व्यवस्था पनि समाजमा भएका राजनीतिक गतिविधि, सामाजिक गतिविधि र आर्थिक गतिविधि अन्य गतिविधिलाई पचाएको एक विचार प्रणाली हो ।

ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादको कसीबाट हेर्दा परिवर्तन र मानव इतिहासको वर्गीकरणको आधार उत्पादन प्रणालीमा आउने विभिन्न किसिमका गठन र पुर्नगठनलाई लिनुपर्छ भन्ने मान्यता मार्क्सवादी दृष्टिकोणको छ । उत्पादन प्रणाली भित्र हुने द्वन्द्व र उक्त द्वन्द्वको कारणले परिवर्तन नै सिङ्गो मानव समाजको निमार्ण गर्छ । साथै उत्पादन प्रणालीभित्रको परिवर्तन र पुर्नगठनको खास विशिष्टता बोकेको नयाँ समाज अर्थतन्त्र राजनैतिक, सांस्कृतिक संरचनाका समथै नयाँ मानव समुदाय परिवार राष्ट्र र विश्वको सृजना गर्छ । साथै पुरानो ऐतिहासिक युगलाई नयाँ युगको प्रतिस्थापन गर्छ । उत्पादन प्रणाली भित्र हुने द्वन्द्व र उक्त द्वन्द्वको कारणले आउने परिवर्तन नै सिङ्गो मानव समाजको निमार्ण गर्छ । त्यसैगरी दलित भित्रको पनि दलितको अवस्थालाई समग्र दलित समुदायको समस्याको रुपमा आधार मानी दलित भित्रको पनि दलित समुदायको परिवर्तनको साथै पुरानो ऐतिहासिक दलित समुदायको युगलाई नयाँ दलित समुदायको युग प्रतिस्थापन गर्छ (मिश्र, २०६५) ।

मार्क्सवाद दृष्टिकोणको मुख्य आधारशिलाको रुपमा रहेको विषय वस्तु नै आधार संरचना, उपरी संरचना र उत्पादन प्रणाली रहेको छ । जसमा आरक्षण व्यवस्थामा दलित जातिको आधार संरचना उत्पादनका सम्बन्धहरु सगँ सम्वन्धित छन् । जसमा दलित समुदाय र आरक्षण व्यवस्था विचमा नियन्त्रण गर्ने शक्तिहरुको सम्बन्धीत छन् । जहाँ दलित जातिहरुको लागि आरक्षण व्यवस्थामा दलित समुदायको उपरी संरचनामा उनीहरुको परिवार, शिक्षा, स्वास्थ्य, विचार, धर्म, चाहना, कानुन, आदि पर्दछन् । आरक्षण व्यवस्थाले दलित समुदायको सार्वजनिक, सामाजिक प्रकिया तथा मूल्यमान्यतामा परिवर्तनशील छ । यही परिवर्तनले गर्दा दलितहरुको सामाजिक आयाम, राजनैतिक आयाम आर्थिक आयाम, संवैधानिक आयाम र सार्वजनिक आयाममा नयाँ समाजको सृष्टि हुनपुग्छ । वर्तमान दलित समुदायको सामाजिक प्रकृया र यिनीहरुको यथार्थता बुभ्न ऐतिहासिक आधारलाई अध्ययन गर्नुपर्छ । दलित समुदाय सिङ्गो समाज भएकाले परिवर्तन शील हुन्छ । जहाँ वैज्ञानिक तथा व्यवहारीक तरिकावाट बुभ्नका लागि यसको ऐतिहासिक विशिष्टता आधार महत्वपूर्ण हुन्छ ।

नवमार्क्सवादी समाजशास्त्री डरेन्डर्फ आफ्नो कृति Class Conflict in Industrial Society मा मध्यमवर्गीय संरचनाको चर्चा गर्दा बाध्यात्मक अवस्थामा समान्वित हुने संगठनहरु

ले स्थापित गर्ने सत्ताका बारेमा चर्चा  गरेका छन् । यिनका अनुसार मध्यम वर्ग आफ्नो पेसामा तीव्र प्रतिस्पर्धा हुँदा अर्को शक्ति केन्द्रसँग समन्वय गर्न तयार हुन्छ । यो विभिन्न वर्ग मध्ये जोसँग भए पनि गठबन्धन गरेर आफ्नो हैकम कायम राख्न चाहन्छ । यो समन्वय बाध्यात्मक अवस्थाको परिणाम हो । समन्वयनमा आएका शक्तिकेन्द्रहरुका बीचमा स्वार्थको द्वन्द्व हुन्छ । समन्वयमा आएका सबै शक्ति केन्द्रहरुका सदस्यहरुले सत्ता र शक्तिको अभ्यास गर्न पाँउदैनन् । त्यसैले सत्ता र शक्ति दुर्लभ हुन्छन् । शक्ति भनेको कुनै व्यक्ति वा निकायले अर्को व्यक्ति वा निकायमाथि बल प्रयोगको अभ्यास हो । गठबन्धनभित्र सत्ता र शक्ति प्राप्त गर्न प्रतिस्पर्धा हुन्छ । यो प्रतिस्प्रर्धा नै शक्तिकेन्द्रहरुका बीचमा द्वन्द्व र संस्थागत संरचना परिवर्तनको स्रोत बन्ने गर्दछ । बाध्यात्मक अवस्थामा समान्वित हुने संगठनहरु शासन गर्ने शक्तिकेन्द्र भने सत्ता र शक्तिको पुनर्वितरण गर्न प्रयासत हुन्छ । परिणामत : गठबन्धनभित्र शक्तिकेन्द्रहरुको ध्रुवीकरण हुन्छ । यसप्रकार सामाजिक व्यवस्था र संरचनाको परिवर्तन स्रोतकारुपमा संघर्षले आधारभूत भूमिका निर्वाह गर्दछ भन्ने राल्फ डरेन्डर्फको विश्लेषण छ (Dahrendorf, R. 2019)) । द्वन्द्वको सिर्जना र सामाजिक संरचनाको पुनर्गठनलाई लिएर डरेन्डर्फले भनेका छन् -शासक र शासितको सम्बन्धले स्वार्थलाई बुझ्छ र राजनीतिक संगठन निमार्ण गर्दछ । शासक र शासितका बीचमा व्यापक ध्रवीकरणपछि शासक समूह र शासित समूहका बीचमा द्वन्द्व हुन्छ ।

यस अध्ययनमा मार्क्सवादको प्रयोगका सन्दर्भमा कसले कहाँ-कहाँ र कसरी प्रयोग गरे भन्ने बारेमा ऐतिहासिकतालाई कोट्याउने प्रयास गरिएको छ । यद्यपि अध्ययनको शीर्षक “आरक्षण” भएकाले मार्क्सवादी उपागमका मान्यताहरु यसमा जोडिएका छन् । वर्तमान कुनै पनि सामाजिक संस्था वा प्रकियाहरुलाई बुझ्नको लागि ऐतिहासिक विशिष्टतालाई आत्मासाथ गनु पर्ने ठहर मार्क्सवादीको रहेको छ । त्यसकारण यस अध्ययनमा पनि अरक्षणलाई बुझ्नमो लागि मार्क्सवादी दृष्टिकोणबाट बुझ्न प्रयत्न गरिएकोछ । यस मार्क्सवादी दृष्टिकोणमा माओको भनाइलाई सार गर्दा मार्क्सवादको जन्म, विकास र मृत्यु हुन्छ भन्ने सार माओको रहेको छ त्यसरी नै आरक्षणको पनि जन्म, विकास र मृत्यु हुनेछ । यस अध्ययनमा वर्तमानमा आरक्षणको प्रयोग, भ्रष्ट्रिकरण, नयाँ चुनौति र संम्भावनालाई बुझ्नको लागि उसलाई विगतमा फर्केर भएका अभ्यासहरुलाई हेर्नुपर्ने ठहर अध्ययनमा गरिएकोछ । ऐतिहासिक पक्षलाई उजागर गर्दा यहाँ चण्ढोकका अनुसार “आरक्षण” संख्या वा प्रतिशत बढाएर नव सम्भ्रान्त वर्गको तयार गर्नु भनी उल्लेख गरिएको छ भने प्रोफेसर गोपाल गुरुका अनुसार “आरक्षण” छुवाछुतसँग जोडिएको छ आर्थिक लाभसँग होइन भनी चित्रण गरिएको छ । जातिय छुवाछुतलाई खास ऐतिहासिक चरणका रुपमा उल्लेख गर्दै यस अध्ययनमा जातिय छुवाछुत अन्तरविरोधीहरु समस्या हल गर्न सन्दर्भमा आरक्षणको भएको हो ।

यस अध्ययनमा आत्मसात गरिएको उपागमले इतिहासलाई वर्ग सङ्घर्षको इतिहास रुपमा देखिन्छ । नेपालको सामाजिक परिवर्तनको विश्लेषणमा सुरुवातीको विन्दुको रुपमा वर्गहरुका श्रेणीहरु रहने गर्दछन् । जहाँ की नेपाली समाजको विश्लेषणको एउटा समस्या ग्रस्तता भनेको नै एउटा एकल व्यक्ति विभिन्न उत्पादनका परिस्थितिमा सङ्लग्न भई विभिन्न वर्गीय स्थानहर आत्मासाथ गर्नु रहेको छ । जस्तै कि एक जना व्यक्ति उही समयमा एक महिला एक तथाकथित अछुत जातको सदस्य एक किसान एक आप्रवासी श्रमिक र एक आमाको रुपमा प्रस्तुत हुने गर्छ र प्रत्येक श्रेणीहरु विन्दुहरुमा फरक फरक रुपमा प्रभावकारी हुन सक्छ । त्यसै गरी “आरक्षण” व्यवस्था पनि हरेक श्रेत्रमा फरक फरक रुपमा प्रभावशीलता हुनसक्छ ।

मार्क्सवादी दृष्टिकोणको अनुसार पुजीपति वर्ग र मजदुर वर्ग हुनेगर्दछन् त्यसैगरी यस समाजमा पनि माथिल्लो जात र तल्लो (अछुत) जात रहेको छन् । जस्तो की पुजीपती वर्ग अथवा उत्पादन साधनका मालिक र श्रमिक वर्ग जसले आफ्नो जीवीकोपार्जनका लागि श्रम गर्छन ती ने समाजका वर्गहरु हुन् । यी दुई वर्गा विचको सम्बन्ध केवल प्रभुत्वशाली र कमजोरको रुपमा मात्र नभएर शोषण र शोषितको रुपमा रहेको छ । त्यसरीनै पूँजीपती वर्ग र मजदुर वर्ग छन् तीनै समाजका वर्ग हुन् । यी माथिल्लो जातले तल्लो जात (दलित) अछुतको रुपमा जुन समाजमा शोषण गरिरहेका छन् । माकर्सका अनुसार वर्ग भन्नाले एक अर्कामा भिन्न आर्थिक हैसियत भएका मानिसहरुको समूह हो । त्यसरीनै उच्च जात र तल्लो जात भिन्न आर्थिक हैसियत भएको जातहरुको समूह हो । वर्गको उदय मुलत पुजीवाद बाट नै भएको हो त्यसरी नै दलित छुवाछुत तथा भेदभाव पनि समाजमा वर्णव्यवस्थाबाट भएको हो । खास गरेर दलित अथवा पिछडिएका सीमान्तकृत समुदायहरु सामाजिक, सास्कृतिक, आर्थिक, राजनीतिक, तथा वैचारिक रुपमा आफुहरु शोषण भएको अनुभुति तल्लो जातका समुदायले गर्न थालेपछि उनीहरु भौतिक रुपमा नै माथिल्लो जातहरुको विरोध गर्न थाल्छन् जुन दलित मुक्ति सङघर्ष हो । यस्तो स्थितिलाई वर्गसङघर्ष भनिन्छ । वर्ग सङघर्ष नै मार्क्सवादको मुख्य सार हो । जहाँ आजको विश्वको सम्पूर्ण समाजहरु वर्गसङघर्षको उपज हुन् । नेपालमा पनि विभिन्न कालखण्डमा उच्च जात र दलित जातवीच कहिले गुप्त र कहिले खुल्ला रुपमा सङघर्ष हुदै आएको छ । यस्तो सङघर्षको परिणाम स्वरुप समाजको ढाँचामा परिवर्तन हुदै आएको छ । समाजमा जुनतल्लो जात दलित भनिने जात आफुहरु पनि गैरदलित जतिकै सम्मान हैसियत हासिल गर्ने प्रयत्न गरेको पाइन्छ । जुन प्रयत्न गर्न तत्पर रहेका र दलित मुद्दा अगाडि बढाई समाजमा वर्णव्यवस्थाबाट उन्मुक्ति पाउन प्रयत्न गर्दछ । त्यसकारण वर्ग सङघर्ष इतिहासलाई डोर्‍याउने वा परिवर्तन गर्ने खाका हो । जहाँ आरक्षणद्वारा पिछडिएको दलित जातिलाई समाजमा समावेशी बनाई इतिहासलाई परिवर्तन गर्दछ । जुन वर्ण व्यवस्था हिन्दु समाजमा प्रचलित छ ।

हिन्दु वर्णव्यवस्था समाजमा उच्चजात अत्यन्त शक्तिशाली रहेको र अझ बढी शक्ति आर्जन तर्फ उन्मुख छ । जहाँ दलितहरुमाथि उच्च जातले नियन्त्रण गरेको छन् । जहाँ राजनैतिक शक्ति र खासगरी राजकीय सत्ताको आडमा कमजोर पार्ने प्रयत्न निरन्तर भएको छ । त्यो प्रयत्नलाई कमजोर बनाउन दलितलाई आरक्षण व्यवस्थाले केही मात्रामा भएपनि सहयोग पुऱ्याएको छ । मार्क्सले आफ्नो एतिहासिक द्वन्द्वात्मक भौतिकवादको नियमलाई आत्मासात गर्दै खासखालका सामाजिक प्रक्रिया र संस्थाहरु भएका छुट्टै विशेषताहरु बोकेमा खासखालका उत्पादन प्रणालीका आधारमा सिङ्गो मानव इतिहास र परिवर्तनलाई विभाजन गरेका छन् जहाँ, आदिम साम्यवाद, दास युग, पुजीवादी युग, समाजवादी युग र वैज्ञानिक साम्यवाद रहेको छ । त्यसरी नै दलित इतिहासलाई पनि हामी हेर्न सक्छौ जस्तोकि आदिम साम्यवाद युगमा "संसारको विकासका लागि मुख, बाहु, तिघ्रा र खुट्टाबाट क्रमैसँग ब्राम्हण, क्षेत्रीय बैश्य र शुद्रलाई उत्पन्न गरे" ॥३१॥ मनुस्मृति, अध्याय १ यसरी साम्यवाद युगमा ब्राम्हण र शुद्र छुट्याइ वर्णव्यवस्था लागु गरियो । त्यसपछि दास युगमा माथिल्लो जात भन्दै, ब्राम्हण, क्षेत्री र वैश्यद्वारा समाजमा शुद्र अथवा दलित समुदायलाई दास बनाइयो जहाँ हरेक सामाजिक-सास्कृतिक, आर्थिकदेखि राजनीतिक रुपमा माथिल्लो जातले दलितहरुलाई दासी बनाइयो । दास युगको अन्त्यसगैको स्थानमा सामान्तवादी व्यवस्थाले लियो । उत्पादजका साधनहरु सबै सामन्तको रुपमा माथिल्लो जात स्थापित भयो र आफ्नो सहयोगीहरुलाई भूमिवाड्ने काम भयो । जहाँ तिनीहरु स्थानीय तहमा मुली, जमिन्दार, जिम्मावाल आदिको रुपमा स्थापित भए । दलितहरु तिनीहरुको अधिनमा रही उच्च जातको सेवक भएर कर्तव्यपालन गनुपर्थ्यो । दलितहरुले वर्षौदेखि खनजोत गरेको जमिनमा माथिल्लो जात सामन्तहरुले आफ्नो अधिकार भने कायमै राखे । राज्य सत्ताको प्रयोगद्वारा दलितहरु मथि सामन्तहरुले थिचो मिचो गर्न थाले । दलितहरुको प्रयोग गरेको जमिनको तिरो, मालपोत, वेढ, व्याज इत्यादिको नाममा हडफ गर्न थाले जसले गर्दा दलितहरुले सङ्घर्ष गर्न थाले । सामन्तवादी युगको अन्त्य सँगै पुजीवादी युगको सुरुवात भयो । यस चरणमा दुईवटा जात पहिलो जात शुद्ध जात जहाँ ब्राम्हण, क्षेत्री र वैश्य र दोस्रो जात अशुद्ध जात जहाँ दलित जातिहरु जहाँ पहिलो जात सम्पन्न र दोस्रो जाति विपन्न जातको रुपमा रहयो । विपन्न वर्ग (दलित जाति) उत्पादनका साधानको अभावको कारण न्यून मूल्यमा आफ्नो श्रम बेचेर जीवन निर्वाह गर्न बाध्य हुन्छ ।

त्यसैले माथिल्लो जातद्वारा दलित जातिहरु शोषणमा रहन्छन् । यसरी शोषणको जगमा खडा भएको पुजीवादले भयङ्कर आर्थिक सङ्मट, मन्दी, मुद्रास्थिति, अवमूल्यन, तीव्र वर्गसङ्घर्षमा सामाजिक क्रन्ति हुन्छ र दलितहरुको सशक भूमिका रहन्छ । समाजवादी युगको चरण पुजीवादी युगको पराजाय र दलितहरुको समावेशीबाट समाजवादी युग उदय हुन्छ । यो चरणमा दलितहरुलाई सरकारको हरेक अङ्गमा समावेह गराइन्छ । उत्पादनका साधनहरु भूमि, खानी,

कारखाना, सञ्चार तथा यातायात, शिक्षा, स्वास्थ्य, रोजगारी आदि निजी नभई सामुहिक सम्पत्ति हुन्छन् जसले गर्दा शोषण स्थिति रहदैन् । हरेकलाई योग्यता र समर्थ्य अनुसार काम र काम दिइन्छ । वैज्ञानिक साम्यवाद युग यस चरणमा दलित जातिहरुको सम्पूर्ण किसिमको छुवाछुत, भेदभाव, अन्याय, अत्यचार र शोषणको अन्त्यसँगै मानवीय इतिहासको अन्तिम युगको रुपमा साम्यवादी युग रहन्छ । यो व्यवस्था वर्गविहीन शोषण विहीन्त तथा न्याय र समानतामा आधारित हुन्छ ।

## २.२ अनुभवजन्य समिक्षा

राज्य र राजनीतिक विचार इतिहासमा प्राचीन युनानी विचार धारा, रोमन, विचार धारा र भारतीय विचार धाराले निरङ्कुश राज्य, अभिजात्य वर्ग र कथित उच्च जातजातिको हितको पक्षपोषण गरेको पाइन्छ । उदाहरणका रुपमा युनानका प्लेटो, रोमका सिसेरो र भारतका मनुले व्यक्ति केन्द्रीत निरङ्कुश राजतन्त्रात्मक राज्यको पक्षपोषण गरेका छन् भने युनानी विचारहरुले राज्यका अधिनमा राख्ने जुन विचार दिएका थिए, मध्ये युगसम्म पनि यसै विचारधारा प्रचलित रह्यो (सिवाकोटी, २०४७) । तर उपरोक्त विचारहरु विवाद रहित र आलोचनारहित भने थिएनन् । यस्ता विचारधाराहरुका विरुद्ध बेलायतका थोमस मुर (सन् १४७८-१५३५), इटलीका तोम्माजो कम्पानेलला (सन् १५६८-१६३९), फ्रान्सका ग्राबियल माबली (सन् १७०९-१७८५), र जर्मनीका महान धर्म सुधारक मार्टिन लुथर (सन् १४८३-१५४६) जस्ता मध्य युगीन काल्पनिक समाजवादीहरुले लोक कल्याणकारी स्वरुपको समाजवादी राज्यको परिकल्पना गरेको पाइन्छ भने १९ औ शताब्दीका थमस हब्स, जे.एस्, मिल, रुसो मोन्टेस्कुर्यु आदिले पनि स्वतन्त्रता र लोक कल्याणकारी राज्यको निम्ति पहल गरेको पाइन्छ (आफानास्योफ, १९८६ र ग्रान्सियान्सस्की १९८५) । तर सदियौ देखि व्यक्तिवादी र शासकमुखी रहँदै आएको राज्यलाई यथार्थ मै जनमुखी, उत्पीडित, वर्गमुखी, लोककल्यानकारी र समाजवादी बनाउन पर्ने विश्वव्यापी उद्घोस भने १९ औ शताब्दीमा महान दार्शनिक कार्ल मार्क्स (सन् १८१८-१८८३) र फेडरिख ऐन्गेलस (सन् १८२०-१८९५) ले सन् १९४८ मा कम्युनिष्ट पार्टीको “घोषणापत्र” मार्फत गरेका हुन, (मार्क्स र एन्गेलेस १९८६) ।

कम्युनिष्ट पार्टीको घोषणापत्र जारी भएपछि विश्वव्यापी रुपमा मजदुर आन्दोलनहरु उठे । त्यसै शिलशिलामा २१ मार्च १८७१ का दिन पेरिसका मजदुरहरुले बुर्जुवा शासकहरुलाई शहरबाट धपाएर सत्ता आफ्नो हातमा लिए (मार्क्स र एल्गेलेसः १९८७) । जसलाई विश्व इतिहासको पहिलो सर्वहारा वर्गिय राज्य भनिन्छ । त्यसपछि २० औ शताब्दीमा सम्पन्न भएका रुसको अक्टोबर

क्रान्ति समाजवादी क्रान्ति, चीनको राष्ट्रिय मुक्ति तथा जनवादी क्रान्ति, कोरिया, क्यूबा, लगायत पूर्वी युरोप र दक्षिण पूर्वि ऐसियाका दर्जनौ मुलुकहरुका साथै ल्याटिन अमेरिका अफ्रिकी महादेशमा आएका समाजवादी क्रान्तिका लहरहरु र भारत लगाएत विश्वका अधिकांश औपनिवेशिक मुलुकहरुका स्वराज्यका लागि भएका राष्ट्रिय स्वतन्त्रता आन्दोलनहरुले संसार भरकै साम्राज्यवादी उपनिवेशवादी तथा घरेलु पुँजीवादी सामन्तवादी शासकहरुलाई समेत लोक कल्याणकारी राज्यको बारेमा सोच्न बाध्य बनायो । समावेशीकरण, आरक्षण, सकारात्मक उपाय नीति र विधिहरुको बारेमा गृहकार्य गर्न बाध्य बनायो ।

यसरी विश्वभर उठिरहेको कठोर जनवादी समाजवदी क्रान्तिहरु मजदुर आन्दोलनहरु र उपनिवेश विरोधी राष्ट्रमुक्ति आन्दोलनहरु तथा यसवीचमा भएका दुईवटा विश्वयुद्धहरुको प्रहारवाट सामन्तवादी, पुजीवादी, साम्राज्यवादी र उपनिवेशवादी राज्य तथा राज्यसत्तालाई जोगाउन उन्नाइशौ शताब्दीको अन्त्य तथा विसौ शताब्दीको प्रारम्भ र उत्तर तिर बेलायत, भारत, अमेरिका र अफ्रिकामा लोककल्याणकारी राज्य र सकारात्मक उपाय, समावेशीकरणको अवधारणा आएको हो । माला तुनका अनुसार कुनै पनि सममुहलाई राज्य त्याग गरी गृहयुद्धमा जान नदिनका लागि सकारात्मक उपाय नीतिमार्फत सत्ताको हिस्साको ग्यारेण्टी गरिएको हो । यो मेलमिलापकारी वा सर्वसतियुक्त राजनीतिक व्यवस्थाको उपज हो (तुनः २०६३) । यसर्थ सकारात्मक उपायसम्बन्धी सुरुआती अवधारणाको उद्‌भव र विकास राज्य तथा समाजबाट बहिष्कृत र उत्पीडित तथा सीमान्तकृत समूह । समुदायको समावेशीकरणका लागि भए पनि यो राज्य तथा शासकहरुको सहजबुद्धिको उपज भने थिएन । बाध्यात्मक परिवेशको उपज थियो । उन्नाइसौ र बिसौ शताब्दीमा भएका विश्वव्यापी समाजवादी क्रान्ति, मजदुर आन्दोलन विश्वयुद्ध आदिको परिणाम स्वरुप आएको लोककल्याणकारी राज्यको अवधारणाको उत्पादन थियो ।

सकारात्मक उपायलाई संसारका विभिन्न देशहरुमा विभिन्न नामले पुकारिने बुभि्कने, र वभिन्न शब्दावली प्रयोग गरेको पाइन्छ । उदाहरणको रुपमा सकरात्मक पहल, सकारात्मक विभेद, सकरात्मक कदम, प्राथमिकता मुलुक व्यवहार विपरिद विभेद, समान अवसर वितरण मूखी न्याय, विशेष व्यवहार, विशेष उपाय, सारभुत समानता समावेशीकरण र आरक्षण जस्ता शब्दावलीलाई लिन सकिन्छ (दाहाल र भट्टचन : २००४:२९-८०) । नेपालमा यसका लाभदायी समूह । समुदायले आरक्षण प्रगतिशील आरक्षण, आरक्षण अधिकार, विशेष अधिकार र समानुपातिक प्रतिनिधित्वको अधिकार जस्ता शब्दावलीहरु प्रयोग गर्न गरिएको पाइन्छ (किसान, २०६५) । नेपालको संविधान तथा दस्तावेजहरुमा विशेष व्यवस्था सामानुपातीक समावेशीकरण, समावेशी सिद्धान्त जस्ता शब्दावलीहरु प्रयोग भएका छन् । नेपालको सन्दर्भमा सरकारले आरक्षणको व्यवस्था गरेको छ,

जुन प्रशंसनीय कार्य हो । तर अहिलेको आरक्षण मोडेल नीतिगत र व्यवहारीक रुपमा कमजोर धरातलमा अडेको छ । यस खाकामा किन आरक्षण भन्ने प्रश्नको उत्तर त्यतिसारो झल्किदैन । त्यसैले सिट बाँडफाँडको आधारमा पनि प्रष्ट छैन् । आरक्षणको सैद्धान्तीक मर्मलाई पनि कदर गराएको छैन् । यद्यपि महिला, दलित, मधेशी, आदिवासी, जनजाति, अपाङ्ग र पिछडिएको क्षेत्रका लागि भनि सिट छुट्याइएको छ (सुनाम २०६४) ।

कुन समूह, समुदाय वर्ग वा लिङ्गलाई के कति संख्या वा प्रतिशत आरक्षण दिने भन्ने वारेमा सधै र सवैतिर विवाद रहदै आएको छ । किनभने यसमा विवरणको कुनै वैज्ञानिक वा तथ्यसङ्गत आधार हुदैन । यो लाभदायी समूहको शक्ति र सङघर्ष तथा राज्यको वर्ग चरित्र र इच्छामा भर पर्ने कुरा हो । यसको अधिकतम सिमा यतिनै हुनुपर्छ भन्ने छैन । भारतमा समग्र समानताको सिद्धान्तलाई असर वाशुन्य नर्पान ५० प्रतिशत सम्म आरक्षणको व्यवस्था गर्न सकिने मान्यता स्थापित छ । तर आवश्यकता र अवस्था अनुसार पिछडिएका वर्ग वा समूह समुदायको पिछडापन असाधारण देखिन आएमा सो भन्दा अघि बढेर आरक्षणको संख्या तोक्न सकिन्छ भन्ने मान्यता रही आएको छ (विश्वकर्मा, लमासिहं र विमल, २०६१) । त्यसैले कसैका लागि आरक्षणको सङ्ख्या तोक्नु भनेको आफैमा फलामको चिउरा चपाउनु जतिकैकठीन र विवादास्पद कार्य हो । तर भारतमा दलित र आदिवासी कविलाहरुका लागि उनीहरुको जनसंख्याको आधारमा समानुपातिक आरक्षण प्रदान गरिएको छ ।

इतिहासमा विभिन्न कालखण्डमा वञ्चितीमा परेकाहरुले सामाजिक समावेशीतर्फका लागि प्रयास नभएका होइनन् तर यसका लागि कानुनी संरचना निमार्णको काम भने बेलायतले र केही भारतीय प्रदेशका शासकले उन्नाइसौ शताब्दीमा मात्र थालेका थिए । त्यसैले यस खण्डमा वञ्चितमा  परेका समूहहरुको सामाजिक समावेशीताका लागि आवश्यक पर्ने नीति दुई भागमा बाडेर छलफल गरिएकोछ । (पहिलो भागमा अम्बेडकरले गरेको कोसिस गर्नु अघि भएका प्रयत्न वारे छलफल गरिएको छ । दोस्रो भागमा अम्बेडकरले गरेका कोसिस तथा राज्यले पहल गरेका वास्तविक नीति बारेमा छलफल गरिएकोछ (अम्वडेकर, २०६९) । अम्वेडकर भन्दा अगाडिको अवस्थामा अम्वेडकर निश्चित रुपमा वर्तमान आरक्षण्को नीतिका कालिगड हुन् । तथापी, उनी भन्दा अघि पनि यसमा काम भएका केही उदाहरण पाइन्छन् । बेलायतीको मात्र होइन, कोलहापुरण, वडादा, ट्राभान्कोर, कोचिन आदि भारतीय प्रदेशहरुले उन्नाइसौ र बिसौ शताब्दीको भारतका गैर ब्राम्हणमा शैक्षिक र रोजगार अधिकारको व्यावस्थ गर्न आवश्यकता वोध गरेका थिए । समाज सुधारक महात्मा फुलेको उन्नाइसौ शताब्दीमा पुनामा “अछुत” तथा महिला लगायत गैर ब्राम्हणको शिक्षाको लागि विद्यालयहरु स्थापना गरेका थिए । भारतीय समाजमा शिक्षा “उच्च

जात" को सामाजिक विशेषाधिकारका रुपमा रहदै आएको छ । यो उनीहरुद्वारा प्रभावित मात्रै होइन नियन्त्रित पनि रहेको थियो । यस बारे महात्मा फुलेको टिप्पणी थियो, शिक्षाको अभावमा बौद्धिक क्षेयीकरण भयो बौद्धिकताको अभावमा नैतिकता सड्न पुग्यो, उन्नतिको अभावमा सम्पत्ति लोप भयो, सम्पत्तिको अभावमा शुद्रहरुको बेहाल भयो र यी सबै संकटलाई अशिक्षाले जन्मायो ( क्षीरसागार, १९९४/४४) ।

सन् १८८५ मा बम्मईमा गभर्नर सर र्जिड टेम्पलले मुसलमान तथा पिछडिएका सवर्ण हिन्दुका लागि पचास प्रतिशत छात्रवृतिको प्रस्ताव गरे । यस्तो किन गरियो भने योग्यताका आधारमा मात्रै छात्रवृत्ति दिने प्रावधान राखिएमा शैक्षिक प्रणालीमा बाहुनहरुको एकाधिकारलाई प्रश्रय मिल्न जान्छ भन्ने ठानियो (जैन, १९९०) । वास्तवमा अम्बेडकरलाई यस्तै छात्रवृत्ति प्रदान गरिएकोले नै उनी विदेशमा गएर पढ्न सक्षम भए । उच्च शिक्षा मागको लगतै पिछडिएका जनताहरुले सार्वजनिक सेवामा प्रतिनिधित्वको माग अगाडि सारे । राज्यका सेवाहरुमा उनीहरुको प्रतिनिधित्व दावी बम्बई, मद्रास, मैसुर तथा केही हदसम्म त्राभान्कोरमा भएका गैरब्राह्मण आन्दोलनमा मुखरीत भयो । एक समय कस्तो पनि आयो भने सार्वजनिक सेवाहरुमा पिछडिएका वर्गबाट पर्याप्त सङ्ख्या भर्ना नभएसम्मका लागि "उच्च जात" बाट भर्ना कम गर्न काम बन्द गर्नुपर्ने मागलाई बम्बई सरकारले स्वीकृत पनि गऱ्यो । तथापि त्यसको कार्यन्वयन भने हुन सकेन । तर राज्यका सेवामा प्रतिनिधिका असमानता हटाउने घोसणा गरी त्यतिबेलासम्म सम्पुर्ण सेवामा वस्तुत : एकाधिकार कायमगरी बसेका ब्राम्ह्ण बाहेकका सम्पुर्ण समुदायका लागि निश्चित पदको आरक्षण गरियो ( मैसुर गभर्मेन्ट सर्कुलर नं., २१८-८९८, १९/२१ जनवरी १९९५) ।

आरक्षणलाई अधिकार भन्ने कि दान भन्ने बारेमा नेपालमा विवाद रहँदै आएको छ र विवादको जरो यो प्राप्त गरिएको चिज हो किन प्रदान हो भन्ने संग सम्बन्धीत छ । नेपालमा यसका अधिकांश अभिनयकर्ताहरु आरक्षणलाई प्राप्त गरिएको अधिकारका रुपमा बुझ्दै र व्याख्या गर्दै आएका छन् । दलित समुदायको सन्दर्भमा दलितलाई विगतको राज्यको नीति र संरचनाले नै पछाडि पारेकाले आरक्षण दलितको अधिकार हो भन्ने आम बुझाई रहेको छ । तर केही दलित संगठन र वुद्धिजीवीहरुमा आरक्षणलाई अधिकारका रुपमा नभई सामन्तवादी र पुजीवादी शासकहरुले आफ्नो सत्ता विद्रोह नगरोस भनेर प्रदान गरिएको दानका रुपमा बुझ्ने र व्याख्या गर्ने गरेको पाइन्छ । यस्तो खाले विवाद र बुझाई आफूलाई आरक्षणको लाभदायी समुदाय ठान्ने सबैमा धेरै थोरै रुपमा रही आएको छ (किसान, २०७३) ।

२०६४ सालदेखि लागु गरिएको समावेशी नीतिले लगभग एक दशक पार गरेको छ । यो नीति कार्यान्वयन भएको आर्थिक वर्ष २०६४ र ०६५ देखि आर्थिक वर्ष २०७३ र ०७४ सम्मको अवधिमा समावेशी समूहका १४ हजार ८ सय ९४ उमेद्वार आरक्षणवाट लाभान्वित भएको देखिन्छ (लोसेआ २०७४) । आरक्षण नीतिको अवलम्वन गर्नुअघि आधार तहको संरक्षण गरिएको थिएन । त्यसैले विगत दश वर्षमा आरक्षण कर्मचारीतन्त्रको स्वरुपमा के कस्तो प्रभाव पाऱ्यो भनेर केलाउन सहज छैन् । निजामति सेवामा हाल ८६ हजार ६ सय ५६ कर्मचारी कार्यरत छन् ( लोसेआ २०७४) । जातजातिगत हिसाबले पनि कर्मचारीतन्त्रको समावेशीलाई सुधार्नमा आरक्षणको ठूलो योगदान रहेको छ । आरक्षण व्यवस्थाले दलित समुदायको प्रतिनिधित्व वढाउन पनि उल्लेखनीय योगदान पुऱ्यारको छ । किन भने आक्षण लागुहुनु अघि उनीहरुको प्रतिनिधित्व ज्यादै कम थियो । दलित समुदाय नेपालको कुल जनसंख्याको १३ प्रतिशत रहेको सरकारी तथ्याङक छ, जवकि दलित संगठनहरु यो संख्या कम्तीमा २० प्रतिशत भएको दावी गर्दछन् । हाल निजामति सेवामा दलितको करिव २ प्रतिशत मात्रै प्रतिनिधित्व रहेको छ । संख्यामा भन्दा करिव १७ सय दलित निजामति कर्मचारी छन् । यो संख्याको ७८ प्रतिशत कर्मचारी त आरक्षणमाफर्त निजामाति सेवा प्रवेश गरेका छन् ।

आरक्षण लागु हुनुअघि निजामति सेवामा दलितको हिस्सा धेरै निराशाजनक थियो । आरक्षणवाट लाभान्वित भएका कुल दलित कर्मचारी संख्याको करिव १८ प्रतिशत दलित महिलाको रहेको तथ्याङ्कले देखाएको छ । जहाँ पुरुषको तुलनामा यो संख्या धैरै न्युन हो (विश्वकर्मा, २०१६) । राष्ट्रिय औसतसँग तुलना गर्दा यो निजामती सेवामा दलित महिलाको आशाजनक प्रतिविधित्व हो । यस सन्दर्भमा दलित महिला विश्लेषक सरिता परियारले अन्तर्वाताको क्रममा भनिन् “दलित महिलाहरु लामो समयसम्म जात वर्ग र लैङ्गिक विभेदको मारमा परे । यद्यपि उनीहरुको राजनीतिक र सामाजिक चेतनाको स्तर बढदो छ । उपयुक्त वातावरण पाएको खण्डमा उनीहरु आरक्षण जस्ता जुनसुकै अवसर पनि लिन पछि पर्दैनन् (२६ माघ २०७३ मा गरिएको कुराकानी) । आरक्षण लागु हुनु अघि नेपालको समग्र कर्मचारी तन्त्रमा समावेशीताको अवस्था अझ खराव थियो । बाहुन-क्षेत्री र नेवार ३ समुदायले  कुल निजामती कर्मचारीको संख्याको ८० प्रतिशत हिस्सा ओगटेको थियो (न्यौपाने सन् २०००) । सुरक्षा बल राजतितिक दल र नागरिक समाजको नेतृत्वमा पनि उनीहरुकै अत्यधिक प्रभुत्व थियो (लावती, २०१०) । २०४७  साल ताका दलित कर्मचारी त सिलाजस्तै खोज्नुपर्ने अवस्था थिए । आर्थिक वर्ष २०४१/४२ मा जम्मा ४७२ पदमा उर्तीण हुने मध्ये ७०% उच्च जातका थिए (गुरुङ्ग, २०६३:९१-९२) । दोस्रोमा नेवार १८.६% थिए भने आदिवासी जनजातिको भागमा ३% परेको थियो । आर्थिक वर्ष २०४१/४२ मा जम्मा १८५ जनामा ८७ प्रतिशत उच्च जातका थिए । यी दुवै आर्थिक वर्षको सरकारी कर्मचारी छनोटमा एक

जना दलित पनि परेका थिएनन् (गुरुङ्ग, २०६३) । आरक्षण व्यवस्थाको अप्रत्क्ष फाइदा पनि देखिन्छ । आरक्षण अवलम्वन पछिका दिनमा उल्लेख्य संख्यामा दलित लगायत अन्य सिमान्तकृत समुदायका व्यक्ति सरकारी रोजगारमा आकर्षित भएका छन् । सरकारी रोजगारका लागि दरखास्त हाल्नेहरुको संख्या बढदो छ । आर्थिक वर्ष २०७३/०७४ मा आरक्षण समूहका उम्मेदवार खुला विज्ञापन तर्फको प्रतिस्पर्धामा “अब्बल” ठहरिएका छन् (लोसेभा, २०७४) । महिला र पिछडिएका क्षेत्रका उम्मेदवार त आरक्षण वाट भन्दा पनि खुलातर्फवाट वढी पास भएका छन् ।

पहिले असफल भइने डरले दरखास्त थोरैले हाल्थे । अहिले आरक्षण वा समावेशी सिट भएकाले सफल हुने सम्भावना ज्यादा हुने भएकाले उनीहरुले दरखास्त दिन लागेका छन् । लोक सेवा आयोगकालागि मिहेनत गरेका छन् । फलस्वरुप उल्लेख्य संख्यामा खुल्ला विज्ञापन तर्फका प्रतिस्पर्धामा पनि उनीहरु अव्वल ठहरिएका छन् । लामो समय देखि वहिष्करणमा पारिएका समुदायमा आरक्षण व्यवस्थाको आगमन पश्चात हामी पनि सक्छौ भन्ने भावना मज्जाले पलाएको अनुमान सहजै लगाउन सकिन्छ ।

## २.३ नीतिगत समिक्षा

नेपाली समाजमा कुनै पनि समाजको अध्ययन गर्दा विविध भाषा, धर्म जातजाति, सामाजिक, आर्थिक, सांस्कृतिक विषयबस्तु केलाउन पर्दछ । हाल नेपालमा १२५ जातजाति रहेको छ भने त्यसमा पनि कथित उच्च जाति र तल्लो जात त्यसमा पनि पानी चल्ने र पानी नचल्ने जात जस्ता पक्षहरु रहेको छ । त्यस पक्षलाई समाजमा समावेशीकरण गर्न आरक्षण नीति अबलम्बन गर्नुपर्छ । नेपालमा आरक्षण नीतिको सुरुवात निजामती सेवा ऐन (दोश्रो संशोधित २०६४) मार्फत सरकारी रोजगारीमा पहिलो पटक आरक्षण नीतिको व्यवस्था अवलम्बन गरिएको हो । यो ऐनले निजामती सेवामा खुल्ला प्रतियोगिताका लागि छुट्याइएको सिटबाट ४५% सिट विभिन्न सिमान्तकृत समुदायका लागि आरक्षित गरिएको छ । सम्पुर्ण आरक्षित सिट मध्ये ३३% महिलाका लागि, २७% आदिवासी जनजातिका लागि, २२% मधेशीका लागि, ९% दलितका लागि, ५% अपाङ्गका लागि र ४% पिछडिएका क्षेत्रका व्यक्तिहरुका लागि छुट्याइएको छ । आरक्षणलाई बाँडफाँड गर्दा लैङ्गिक जातजाति भौगोलिक तथा शारीरिक अपाङ्गता गरी ४ वटा मुख्य आधारमा ६ वटा क्लस्टर वा समूहका व्यक्तिलाई निश्चित सिट आरक्षण गरिएको छ । (२) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिएकोछ । प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिएकोछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिएकोछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धीत व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्नेछ ।

(६) राज्यले आवास विहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

नेपालमा वर्ण व्यवस्था भित्र दलित समुदायलाई आरक्षण व्यवस्थाबाट राज्यमा समावेशीकरण बनाउने नीति निर्माताहरुले विभिन्न कानुन, ऐनहरुको निर्माण गरी आरक्षण व्यवस्था मार्फत माथि उठाउनका लागि सरकारी गैरसरकारी सबै पक्षहरुले एका बद्ध भएर आ-आफ्नो निर्वाह गरेका छन् । जसमा विभिन्न कालखण्डमा दलित जाति सम्बन्धी ऐन कानुनहरु निमार्ण भएका छन् । जुन देहाय बमोजिम छन् ।

१. मुलकी ऐन २०२० अनुसार यो मुलुकी ऐनमा छुवाछुत भेदभाव गर्न नपाइने प्रावधान उल्लेख गरियो ।

२. नेपालको अधिराज्यको संविधान २०४७ अनुसार मौलिक हकभित्र समानताको हक छ । त्यसमा लेखिएको छ, कुनै पनि व्यक्तिलाई जातिपातीको आधारमा छुवाछुतको भेदभाव गरिएको वा सार्वजनिक स्थलमा उपस्थिति हुन वा सार्वजनिक उपयोगको कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरिएको छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । तर धर्म सम्बन्धी हकमा प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न स्वतन्त्रता हुनेछ ।

राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भएपछि संविधान, ऐन कानुनको पनि परिवर्तन भएको छ । नेपाको संविधान २०७२ मा मौलिक हककै रुपमा छुवाछुत तथा विभेद सम्बन्धी व्यवस्था गरिएको छ भने दलित आयोगको पनि व्यवस्था गरिएको छ । त्यसैगरी नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक सम्बधी निम्न व्यवस्था गरिएको पाइन्छ ।

(१) कुनै पनि व्यक्तिलाई नीजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि नीजि वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत भेदभाव गरिएको छैन ।

(२) उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि व्यक्ति वा समुदायलाई उच्च तथा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत वा जातिय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(३) जातिय आधारमा छुवाछुत गरि वा नगरी कार्य स्थानमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(४) यस धाराको प्रतिकुल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गरे सामाजिक अपराधका रुपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्ता कार्यबाट पिडीत व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

त्यसैगरी दलित जातिलाई रोजगारी तथा सेवा क्षेत्रमा आरक्षण व्यवस्था निम्नानुसार छन् । (सार्वजनकि सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐन संसोधन गर्ने अध्यायदेश २०६५)

१. निजामती सेवा

निजामती सेवा ऐन २०४९ को दोश्रो संशोधन (२०६४) ले रोजगारी तथा सार्वजनिक सेवाको क्षेत्रमा आरक्षण व्यवस्थाको प्रयोग गराएको मानिन्छ । २०६४ साउन १ गते देखि लागु भएको यो ऐनले नै नेपालमा निजामती सेवा लगायत अन्य सेवाहरुमा समेत आरक्षण व्यवस्थाको ढोका खोलिदियो । पछि यसैलाई आधार छाता ऐन मानी अर्थात मुलढोका मानी अन्य सेवा सम्बन्धी ऐन तथा नियमावलीहरुमा संशोधित आरक्षण सम्बन्धी व्यवस्था गरिएको छ । तत्कालिन अवस्थामा १० वटा सेवाहरुलाई निजामती सेवा मानिएकोमा हाल  यो सेवा भित्र ६ वटा सेवालाई मात्र समावेश गरिएको छ । आरक्षण व्यवस्थाको लागि ४५ प्रतिशतलाई शतप्रतिशत मानी प्रदान गरिएको स्थानको ९ प्रतिशत दलित जातिको आरक्षण कोटा व्यवस्था गरिएको छ ।

२. प्रहरी सेवा

प्रहरी सेवा ऐन २०१२ को दफा ९(क) तथा (बाह्रौ संशोधन) नियमावली, २०६४ को नियम ११ मा प्रहरी सेवामा आरक्षण सम्बन्धी व्यवस्था गरिएको छ। सो व्यवस्था बमोजिम प्रहरी कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिएको पदमध्ये ४५% पद छुटाई सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९% नियुक्ति गर्ने व्यवस्था छ।

३. सशस्त्र प्रहरी सेवा

सशस्त्र प्रहरी सेवा बल ऐन २०५८ को दफा १० (क) तथा सशस्त्र प्रहरी (चौंथो संशोधन) नियमावली २०६४ नियम २ मा सशस्त्र प्रहरी बलमा आरक्षण सम्बन्धी आरक्षण व्यवस्था गरिएको छ। सो व्यवस्था बमोजिम प्रहरी कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिता पूर्ति गरिएको पदमध्ये ४५% पद छुटाई सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९% आरक्षण नीतिको  व्यवस्था छ।

४. सैनिक सेवा

सैनिक सेवा ऐन २०६३ को दफा ७ मा नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुने र दफा १२ (क) मा नेपाली सेनाको पदमा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिएको पदमध्ये ४५% पद छुटाई सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९% आरक्षणको नीति व्यवस्था गरिएको छ।

५. विशेष (जासुसी) सेवा

नेपाल विशेष सेवा ऐन २०४२ को दफा ६ (क) मा विशेष सेवाको कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिएको पदमध्ये ४५% पद छुटाई सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९% आरक्षणको नीति व्यवस्था गरिएको छ।

६. व्यवस्थापिका-संसद सचिवालय सेवा

व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन २०६४ को दफा १७ (छ) मा व्यवस्थापिका-संसद सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिएको पदमध्ये ४५% पद छुटाई

सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९% आरक्षणको नीति व्यवस्था गरिएको छ ।

७. स्वास्थ्य सेवा

स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ (५) मा स्वास्थ्य सेवाका कर्मचारीको पदपूर्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई ७ प्रतिशत मानी ऐनमा दलित जातिका लागि ९ प्रतिशत आरक्षण व्यवस्था नीतिको व्यवस्था छ । निजामती सेवा ऐन २०४९ को दफा ७ को व्यवस्थालाई नै आधार मानेर यो ऐनमा सैशोधन गरिएको अवधारणा, परिभाषा पदपूर्ति प्रक्रिया विधि र परिणाम सबै निजामी सेवा ऐन बमोजिम छ ।

८. विकास समिति सेवा

विकास समिति सेवा ऐन २०१३ को दफा ६ (१) कमा विकास समितिका कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्टयाई सो प्रतिशतको शतप्रतिशत मानी दलित जातिका लागि ९ प्रतिशत आरक्षण व्यवस्थाको नीति छ । निजामती सेवा ऐन २०४९ को दफा ७ व्यवस्थालाई आधार मानी यो ऐनमा सैशोधन गरिएकोले अवधारणा, परिभाषा, पदपूर्ति प्रक्रिया, विधि र परिणाम सबै निजामती सेवा ऐनकै अनुसार छ ।

९. शिक्षक तथा शिक्षाकर्मचारी सेवा

शिक्षा ऐन २०२८ को दफा १६ ङ (१) मा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्त गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत मानी दलित जातिका लागि ९ प्रतिशत आरक्षण व्यवस्थाको नीति व्यवस्था गरिएको छ ।

१०. वैदेशिक रोजगार

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ (१) मा वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडन वर्ग, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यवस्थाहरुलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्ने र ९ (२) मा वैदेशिक रोजगारमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोकेबमोजिमका सङ्खयामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडन वर्ग, पिछडिएका क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्ने व्यवस्था छ ।

११. छात्रा/वृत्ति

शिक्षा ऐन २०२८ को दफा ११ (ण) मा नेपाल सरकारले निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय शिक्षाको लागि विद्यालय भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रावृत्तिको व्यवस्था गर्न सक्ने र सोही ऐनको दफा १६ ञ (१) मा संस्थागत विद्यालय भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत नघट्ने गरी तोकिए बमोजिम विपन्न महिला, अपाङ्ग, आदिबासी जनजाति, र दलित विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । शिक्षा (आठौ संशोधन) ऐन, २०७३ को दफा ३ (२) (ख १) ले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्मलाई आधारभूत शिक्षा र दफा ३ (२) (घ) ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको मान्यता दिएको छ । सोही दफा ३ (२) (घ १) ले विशेष शिक्षा र दफा ३ (२) (घ १ क) ले समावेशी शिक्षाको व्यवस्था गरेको छ ।

छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३ (क) अनुसार नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये विपन्न, महिला, अपाङ्ग, आदिवासी जनजाति र दलित तथा तोकिएको दुर्गम क्षेत्रका व्यक्तिलाई सुरक्षित गरिएको व्यवस्था गरेको छ । त्यसैगरी छात्रवृत्ति सम्बन्धी २०६० (पाचौं संशोधन, २०६९) मा निजामती सेवा ऐन, व्यवस्था गरेको छ । नियम १० क (१) मा नेपाल सरकारलाई प्राप्त भएको छ । नियम १० क (१) मा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मध्ये ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका देहायका समुदमय तथा व्यक्तिलाई र ९ प्रतिशत दलित जातिलाई आरक्षण व्यवस्था नीति व्यवस्था गरिएको छ ।


## २.४ अध्ययनको अवधारणा

"आरक्षण" सीमान्तकृत समुदायका मानिसलाई निश्चित सिट छुटुयाएर नीतिगत व्यवस्थापन र नियमसङ्गत तवरवाट नियुक्ति, निर्वाचित वा प्रतिस्पर्धा गराएर समावेशीकरण गर्ने अवधारणा हो । आरक्षण विभेद र वहिष्कार सम्बोधन गर्ने उपाय हो । त्यति मात्र सीमित नभएर समावेशीता र विविधता प्रवर्दन गर्ने माध्यम पनि हो । यसले कर्मचारीतन्त्रलाई समावेशी सवल र जनमुखी बनाउन सघाउँछ । जनमानसमा अझै पनि आरक्षणको बुझाइ कमक छ । यस्तो बुझाइलाई कुनै नियतवस जनमानसमा सन्प्रेषण गर्नेहरुमा धेरै विचारकहरु पनि छन् । उनीहरु सरकारवाट महिला वा दलितलाई कुनै निकायमा नियुक्ति दिइयो भने पनि आरक्षण हो भनिदिन्छन् । आफ्नै पार्टीका मधेसी नेतालाई पार्टीको कुनै कार्यकारी पदमा लिइएको नियुक्तिलाई पनि आरक्षण भन्ने गरिन्छ ।

त्यस्तै जनजाति समुदायका मन्त्रीले केहि आफलन्तहरुलाई कुनै जागिर खुवाएको घटनालाई पनि आरक्षण भन्ने चलन छ । यस्तै अपूर्ण बुझाईका साथ पत्रपत्रिका, भाषण त्यो भन्दा पनि बढी मात्रामा अचेल त सामाजिक सञ्चालनमा कोलाहल मच्चाउने गरिन्छ । कुनै महिला दलित या मुस्लिम समुदायका कसैले कतै सार्वजनिक लाभ पद पाए भने उनीहरु आरक्षण बाटै छिरे भनेर भ्रम छर्न चलन बढ्दै गएको छ । यस्तो बुझाइबाट आरक्षणको अपव्याख्या भईरहने छ ।

वास्तविक रुपमा आरक्षण लागु गर्न नीतिगत व्यवस्था हुनुपर्छ । यस्तो व्यवस्था एउटा विधि र प्रकियाबाट लागु गरिन्छ । सीमान्तकृत समुदायका कुनै व्यक्तिलाई सरकार या कुनै पार्टीले टिपेर दिने कुरा आरक्षण होईन । आरक्षण त अधिकारमुखी उपाय हो जसमा कानुनसम्मत र नियमसङ्गत ढङगले सीमान्तकृत समुदाय भित्रका योग्य र क्षमतावान व्यक्तिले अवसर पाउने प्रावधान बनाएको हुन्छ । आरक्षण वा समावेशीको मर्म भनेको राज्यलाई समावेशी बनाउनु हो । यसको अर्थ हिजो राज्यबाट भएका दमन विभेद र संरचनागत हिसाबले पछाडि पारेका समुदायलाई राज्यको मुलधारमा ल्याउनु हो । र विशेष गरी कर्मचारीतन्त्र जस्तो राज्यको स्थायी अङ्गमा उनीहरुको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गराउनु हो ।

तसर्थ यही अवधारणअनुसार नै महोत्तरी गाउँपालिका वडा नं २ को दलित समुदायको आरक्षण व्यवस्थाले सामाजिक जीवनमा पारेको प्रभावहरुको जानकारी लिन अध्ययन गरिएको छ ।




यस अध्ययनमा दलित समुदायमा आरक्षण व्यवस्थाले उनिहरुको शिक्षामा प्रभाव, रोजगारीमा पारेको प्रभाव र जीवन शैलीमा पारेको प्रभावको बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

यो अनुसन्धान नेपालमा आरक्षण व्यवस्थाले दलित समुदायमा सामाजिक तथा आर्थिक अवस्थामा आधारित भएको हुँदा यस जातिको अध्ययन अनुसन्धान गरिएकोछ । त्यसैले ती जातिहरुका बारेमा जानकारी थाहा पाउनका लागि गुणात्मक तथ्यहरुको संकलन वर्णनात्मक अनुसन्धान ढाँचा उपयुक्त हुने हुँदा यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएकोछ । विशेष गरेर यस अध्ययन महोत्तरी  जिल्लाको महोत्तरी  गाउँपालिका वडा नं. २ को आरक्षण व्यवस्थाले दलित समुदायमा पारेको सामाजिक तथा आर्थिक प्रभावको सम्बन्ध निष्पक्ष रुपमा सम्बन्धित तथ्यहरु संकलन गरी विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएकोछ ।

## ३.२ तथ्यांकको स्रोत

यस महोत्तरी  गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने दलित जातिको समुदायभित्र समान प्रकृतिको सामाजिक रहेकोसहन भएकाले वास्तविकतालाई मध्येनजरमा राखेर यस अध्ययन लागि समग्र अध्ययन विधिको प्रयोग गरिएकोछ । यस अध्ययनमा प्राथमिक स्रोत तथा द्धितिय स्रोत दुबै स्रोतबाट तथ्यांक संकलन गरिएकोछ ।

### ३.३.१ प्राथमिक स्रोतः

अनुसन्धानात्मक, यथार्थपरक र प्रमाणित बनाउने सबै भन्दा महत्वपुर्ण माध्यम भनेको प्राथमिक तथ्यांक हो । यस अध्ययन महोत्तरी  गाउँपालिका वडा नं. २का दलित समुदायको सामाजिक, आर्थिक संरचना अन्य जाति बीचको सम्बन्ध आदिको कार्यक्षेत्र, अध्ययन, अन्तर्वाता आदि विधीबाट प्रत्यक्ष श्रपमा सहभागी भई त्यहाँकाव्यक्तिहरु, बुद्धिजीवीहरु, सामाजिक अगुवा, महिला नेतृत्व समाज सचेतक, वडा अध्यक्ष सँग प्रत्यक्ष रुपमा भेटघाट गरी तथा अन्तर्वाता प्रयोग गरी वास्तविक सुचना संकलन गरिएकोछ ।

### ३.३.२ द्धितिय स्रोतः

द्धितिय स्रोत अन्तर्गत दलित जातिसँग सम्बन्धित पत्रपत्रिका, पुस्तक, २०६८ सालको जनगणनाबाट तथ्यांक संकलन गरिएकोछ । यो अनुसन्धान दलित समुदायसँग सम्बन्धित भएकाले वि.सं. १९१० को मुलुकी ऐन, २०२० को नयाँ संविधान, ऐन कानुन मुलुकी ऐन विभिन्न समयमा घोषित भएको नेपालको संविधान आदिबाट तथ्यांक लिइएको छ ।

## ३.४ समग्रता नमुना छनौट

यस अनुसन्धानको लागि महोत्तरी  जिल्लाको महोत्तरी  गाउँपालिका वडा नं. २ लाई अध्ययन क्षेत्रको विशेष समग्रताको रुपमा लिइएको छ । उक्त गाउँपालिकाको वडा नं. २ मा जम्मा २८

घरधुरी दलित समुदायहरुको बसोबास रहेको छ । उनीहरुको छुट्टै बस्ती र पारिवारिक पृष्ठभूमी तथा जीविकोपार्जनका साधानहरु उस्तै समान पाइने र अध्ययनको विषयप्रति दलित समुदायमा लक्षित भएकाले सामान्य सम्भावनायुक्त नमुना छनौटको प्रयोगबाट २० घरपरिवारको अध्ययन अनुसन्धान गरी तथ्यांक संकलन गरिएकोछ । जसमा अन्तर्वातामार्फत वास्तविकता पत्ता लगाउन प्रयत्न गरिएकोछ ।

### ३.५ तथ्यांक संकलन विधि

यस अनुसन्धानको लागि गुणात्मक विधिको प्रयोग गरी तथ्यांकहरु संकलन गरिएकोछ । जसमा कार्यक्षेत्र अध्ययन अन्तर्वाता आदि विधिबाट तथ्यांक संकलन गरिएकोछ । साथै आवश्यकताअनुसार मात्रात्मक विधिबाट पनि तथ्यांक संकलन गरिएकोछ । केही विधिहरुलाई निम्न बमोजिम प्रस्तुत गर्न गरिएकोछ ।

#### ३.५.१ अन्तर्वाता अनुसूची

अन्तर्वाता एक यस्तो विधि हो, जसमा प्रश्नकर्ता तथा अनुसन्धानकर्ताले आफ्नो विषयसंग सम्बन्धित रहेर उत्तरदातासँग प्रत्यक्ष रुपमा प्रश्न सोधी उत्तरहरु प्राप्त गर्ने गरिएकोछ । यस अनुसन्धानका लागि अन्तर्वाता सुची बनाइएको छ । जसमा संरचित तथा असंरचित साथै खुल्ला तथा बन्द प्रश्नहरुको माध्यमबाट महोत्तरी गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने दलित समुदायको आरक्षण व्यवस्थाले उनीहरुको जीवनमा पारको सामाजिक तथा आर्थिक अवस्थामा के कस्ता प्रभाव परेको छ । जस्ता कुरा सोधी आरक्षण समबन्धि विषयसँग सम्बन्धित रही उद्देश्य अनुरुप उनीहरुको तथ्याङ्गगत धारणा बुझी सही सुचना संकलन गरिएकोछ ।

### ३.६ तथ्याङ्क प्रस्तुतकर्ता तथा विश्लेषण

अनुसन्धानको उद्देश्य प्राप्तका लागी संकलित तथ्याङ्कहरुलाई अर्थपुर्ण बनाउनका लागि विश्लेषण गर्नुपर्दछ । अनुसन्धानको क्रममा संकलित तथ्याङ्कहरुलाई सम्पादन, वर्गीकरण र तालिका प्रतिशत तथ्याङ्कमा देखाईएको छ । गुणात्मक सुचना र संख्यात्मक विश्लेषणको सुचनाहरुसँग भएको सम्बन्धको आधारमा विश्लेषण गरिएकोछ । यस अधययन अनर्तगत महोत्तरी जिल्लाको महोत्तरी गाउँपालीका अध्ययनको उद्देश्यपूर्ण नमुना द्धारा र प्रत्यक्ष अवलोकन आदि विधि प्रयोग गरी अध्ययन क्षेत्रबाट प्राप्त तथ्यांकहरु विश्लेषण गरिएकोछ । स्थलगत रुपमा तयारपारिएको तथ्यांकहरुलाई विषयवस्तु अनुसार तालिका बनाई विश्लेषण गरिएकोछ । विश्लेषण गरेर निकालिएका तथ्यगत कुराहरुलाई वर्णनात्मक शैलिमा प्रस्तुत गरिएकोछ ।

### ३.७ तथ्याङ्कको विश्वशनयिता र वैद्यता

प्रसतुत अध्ययन आरक्षण व्यवसथाले दलित समुदायमा पारेको सामाजिक अधिक प्रभावबारे अध्ययन गरिएको छ । यो अध्ययन अनुसन्धान गर्दा सम्वन्धित क्षेत्रमा गएर रुपमा दलित

समुदायका विभिनन व्यक्तिहरुसँग अन्तर्वाता प्रश्नावली, अवलोकन गरी मिश्रित अध्ययन गरिएकोछ । प्रत्यक्ष रुपमा संमलन गरिएको तथ्यांकलाई प्राथमिक स्रोतद्धारा तथ्याङ्कमा राखिएको छ र अर्ध सहभागी अवलोकन व्यक्तिगत अन्तर्वाताबाट अध्ययन गरिएकोछ । यस्तै द्धितिय स्रोतमा गाउँपालिका, सम्बन्धित पत्रपत्रिका, तथ्यांक विभाग सरकारी संस्थाहरुको अभिलेख आदी संकलित तथ्यांक द्धितिय स्रोतको रुपमा राखिएको छ ।

**३.८ अध्ययनको सिमा**

कुनै पनि अध्ययन अनुसन्धानहरु निश्चित उद्देश्य तथा लक्ष्य लिएर गरीएको हुन्छ र हरेक अनुसन्धानको आफ्नै छुट्टै प्रवृति तथा विशेषता पनि हुन्छ । यिनै लक्ष्य तथा उद्देश्य हाशिल गर्नका लागि निश्चित सिमा तथा मर्यादाको आवश्यकता पर्दछ । यो अध्ययन पनि देहाएबमोजिमको सिमाहरुमा रहेकोछ ।

क)यस अनुसन्धान महोत्तरी  गाउँपालिका वडा नं. २ स्थानीय दलित समुदायमा मात्र सम्वन्धित रहेको छ ।

ख) यो अनुसन्धान दलित जाति भित्र गरिएको हुनाले अन्य जातिमा उपयोग पनि नहुन सक्छ ।

ग) यो अध्ययन विशेषगरी महोत्तरी  जिल्लाको महोत्तरी  गाउँपालिका वडा नं. २गरिएको हुदाँ अन्य भौगोलिक क्षेत्रमा बसोबास गर्ने जातिमा प्रभावकारी नहुन पनि सक्छ ।

## अध्याय चार

## तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

### ४.२ दलित जातिको सामाजिक अवस्था

महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएका मानिस बसोबास रहेको पाइन्छ । यस गाउँपालिका जातिय विभिन्नता भाषगत विभिन्नता, तथा धार्मिक विभिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकरात्मक विभिन्नता देखिएको छैन् । यस गाउंपालिका हने गरेको विभिन्न चाडपर्वमा एक अर्काको (विपरीत धर्मालम्बी) बिच लवाई खुवाईको परम्पराको सौहादताको प्रमाण रहेको कुरा स्थानीय बासिन्दाहरुको रहेको छ । यथपी केही मात्रामा भएपनि दलित जनतिका मानिसलाई माथिल्लो जातका मानिसहरुले विभेद गरिरहेको पाइएको छ । जस्तै दलितको हातवाट पानी नखाने दलित वर्गका मानिसहरुको काममा चासो नलिने आदी । यसै सन्दर्भमा पहिलेको तुलनामा उस्ता विभेदहरु हराउदै गइरहेको कुराको जानकारी समुदायसँग गरिएको छलफलबाट पुष्टी हुन्छ । महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका वडा नं. २ मा बसोबास गर्न विभिन्न जातहरु मध्ये दलित पनि एक हो । यस जातिका आरक्षण व्यवस्थाले सामाजिक पक्षका वारेमा स्थलगत अध्ययन तथा अन्तर्वार्ताको माध्यमका आधाामा प्राप्त तथ्याङ्क प्रस्तुत गरिएको छ । दलित जातिका विविध सास्कृतिक पक्षहरु, परिवारका प्रकारका, पारिवारिक संख्याको विवरण, शिक्षाको अवस्था, सामाजिक संगठनहरु त्था विभिन्न चार्डपर्व र जीवनकालमा गरिएको सस्कारहरुको बारेमा प्रस्तुत गरिएको छ ।

दलित जातिहरु सामाजिक रुपमा पिछडीएका छन् । धार्मिक आस्था अन्धविश्वास खानपान, रहनसहन आदिका कारणल उनीहरुलाई हेर्ने दृष्टिकोण नेपाली समाजमा अलि फरक छ । उनीहरुको अवस्था समाजमा माथिल्लो भनिने जातिको भन्दा तल्लो स्तरमा हेर्ने र व्यवहार गर्ने गरिन्छ । तर वर्तमान समयमा दलित जातिलाई सरकार द्धारा प्रदान गरिएको आरक्षण व्यवस्था, समावेशीकरण सकरात्मक विभेद नीति आदि यस्ता विभिनन अधिकार प्रदान गरी पहिलेको भन्दा फरक रहेको छ तथा परिवार्तन देखिएको छ । पहिलेको अवस्थामा दलित जातिलाई धार्मिक स्थलहरुमा प्रवेश गर्न दिइदैन थियो । यदि प्रवेश गर्न लिइएता पनि उच्च जनतिका मानिसहरुले प्रवेश गरि सकेपछि मात्र दलित जातिलाई प्रवेश गर्न दिइन्थ्यो । अहिले भने त्यस्तो अवस्था छैन । किनकी उच्च जाति र दलित जातिका मानिसहरु सँगसँगै समानरुपमा धार्मिक स्थलमा प्रवेश गरी पुजाआजा गरेको पाइन्छ । सार्वजनिक स्थल, धारा, कुवाँमा उनीहरुलाई पहिलेको भन्दा सहज

रुपमा उपयोग गर्न पाएका छन् । परम्परागत रुपमा गाउँघर डुलेर गनृ दर्जी पेशा, कोइलाको गोलमा फलाम कुट्ने, छालाको काम गरेर अन्न लिने बालीबारे प्रथा धेरै जसो हराई सकेको छ भने सहरी क्षेत्र तथा हाटबजारमा आधुनिक मेसिनको प्रयोग गरि व्यावसाय गरेको पाइन्छ । जसबाट नगद आर्थिक उर्पाजन गरेको देखिन्छ अन्य पेशा, व्यवसाय पनि गर्न थालेको छन् । अन्नबाली सँग आफ्नो श्रम साटासाट गर्ने चलन लोप भएर नगदमा परिणत भएको छ । दलित जातिलाई आरक्षण व्यवस्था द्धारा पछिल्लो समयमा राज्यको विभिन्न क्षेत्रमा सहभागी गराई गैर दलितको स्तरमा ल्याउने चेष्टा गरेको छ । ती राज्यको विभिन्न क्षेत्र जस्तै :- शिक्षा, रोजगार, स्वास्थ्य, कृषि, पेशा, व्यवसाय, सामाजिक क्षेत्र राजनैतिक क्षेत्र तथा राज्यको विभिन्न क्षेत्रमा सहभागिता जनाउदै आएको छ । जसले गर्दा पछिल्लो समयमा उनीहरुको आर्थिक औसियतमा बढोत्तर हुदै गइरहेको छ । वैदेशिक रोजगारको लागि जाने पछिल्लो पुस्ताहरु शिक्षीत हुदै गएकाले गर्दा उच्च आर्थिक स्रोतका क्षेत्रमा पनि उनीहरुको संलग्नता रहेको पाइन्छ । परम्परागत रुपमा गरिएको बाजा ाजाउने र कृषि मजदुर गनृ पेशा बाट उनीहर क्रमश: अन्य आर्थिक स्रोत प्राप्त हुने क्षेत्रहरु, व्यापार, व्यवसाय, सहरी मजदुरी आदीमा संलग्न बढुदै गएको छ । साथै व्यावस्थीत रुपमा सञ्चालन गरिएको सिलाई तथा टेलरिङ्ग पेशााबाट उनीहरुको जीवनयापन सहज भएको छ । राज्यले दिएको आरक्षण नीतिका कारण समाजमा हुने सामाजिक कार्यक्रममा सहभागिता बढ्ने गरेको देखिन्छ । संविधान मै व्यवस्था भएको जातिय भेदभाव उन्मुलन सम्वन्धि व्यावस्थाले उनीहरुमा पनि आफ्नो हक अधिकार प्रति सचेत हुनुपर्छ भन्ने कुराको जानकारी भएका कारणले गर्दा उच्च जातिलाई छुन नहुने, दाहोरो बात गर्न नहुने उनीहरु सँग सगै बस्न, खान, हिडडुल गर्न नहुने थियो भने अहिले त्यस्तो नरहेको कुरा उनीहरुले बताएका छन् । सरकारी तथा गैरसरकारी क्षेत्रले चालेको नीति, कदम तथा कार्यक्रमहरु तथा ती संस्थाहरुको भुमिकाको कारण जनचेतना सचेतना तथा सशक्तता उनीहरुले बताएका छन् । त्यसैगरी संञ्चार माध्यमको प्रभावकारीताको कारण पनि आफूहरुले चेतना पाएको उनीहरुको भनाई छ । सञ्चार माध्यममा आउने विभिन्न खाले कार्यक्रमले आफ्नो हक अधिकारको बारेमा जनाकारी थाहा पाएको समेत यहाँ दलित जातिहरुको भनाई छ । जसका कारण पहिलाको जूतो दमन र उत्पीडनको अवस्थामा आफूहरु वस्नु र सहनु नपरेको अनुभव उनीहरुले व्यक्त गरेका छन् । यहाँका दलित समुदायको सामाजिक अवस्था विस्तारै सुधारोन्मुख रहेको छ भन्न सकिने अवस्था रहेको छ । साथै देशमा आएको राजनैतिक परिवर्तनले पनि उनीहरुको सामाजिक अवस्था सुधार हुनमा ठुलो टेवा पुगेको पाईन्छ । तसर्थ दलित समुदायको बसाइको प्रति, परिवारिक विवरण विभिन्न संस्कार, धर्म आदि जस्ता सामाजिक पदहरुको बारेमा तल वर्णन गरिएको छ ।

### ४.२.१ जनसंख्या

यस अध्ययनको क्रममा महोत्तरी गाउँपालिका वडा नं. २ मा रहेको दलित जातिको २५ घर परिवार वाट निम्न जनसङ्ख्यालाई छनोट गरियो । यसलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उमेर अनुसार उत्तरदाताको विवरण**

| क्र.सं. | उमेर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ५-१४ वर्ष | २ | १ | ३ | १२ |
| २. | १५-५९ वर्ष | १० | १० | २० | ८० |
| ३. | ६०+ | १ | १ | २ | ८ |
| जम्मा | | १३ | १२ | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार उत्तरदाताहरुको उमेर समूहलाई हेर्दा ५-१४ वर्ष उमेरका ३ जना अर्थात १२ प्रतिशत रहेको छ । त्यसैगरी १५-५९ वर्ष उमेर समूहलाई हेर्दा पुरुष १० र महिला १० गरि जम्मा २० जना अर्थात ८० प्रतिशत रहेको देखिन्छ  भने ६० भन्दा माथि उमेर समूहलाई हेर्दा पुरुष १ र महिला १ गरी जम्मा २ जना अर्थात ८ प्रतिशत रहेको छ ।

### ४.२.२ वैवाहिक स्थिति

विवाह एक महत्वपूर्ण मौलीक सामाजिक संस्था हो र जसले मानवलाई  मानविय जैविक आनन्द स्थायी रुपमा प्रदान गर्न प्रजन्न प्रक्रियाद्धारा मानव जातिलाई निरन्तरता, दिने संरक्षण स्थायीत्व, परिपक्कता जस्ता अवस्था प्रदान गर्न कार्य गर्दछ । तालिका नं. २ मा उत्तरदाताहरुको वैवाहिक स्थिति प्रस्तुत गरिएको छ ।

तालिका नं. २

वैवाहिक स्थिती अनुसार उत्तरदाताको विवरण

| क्र.सं. | वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | १२ | ४८ |
| २ | अविवाहित | ८ | ३२ |
| ३ | विधुवा | ३ | १२ |
| ४ | विदुर | २ | ८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

मथिको तालिकामा दिएको अनुसार उत्तरदाताहरुको वैवाहिक स्थिति हेर्दा विवाहित १२ अर्थात ४८ प्रतिशत, अविवाहित ८ अर्थात ३२ प्रतिशत, विधुवा, ३ अर्थात १६ प्रतिशत र विदुर २ अथाृत ८ प्रतिशत रहेको देखिन्छ ।

### ४.२.३ परिवारको संरचना

परिवार समाजको एक प्रमुख सामाजिक एकाई हो । परिवार हरेक देश समाजमा रहेको हुन्छ । परिवार विना समाजको निरन्तरता विना समाजको निरन्तरता हुदैन् । परिवारले नै सामाजिक संगठनको मुलभुत आधारशीला नं. परिवार हो । जहाँ व्यक्तिले आफ्नो महत्वपूर्ण जीवनको सम्पूर्ण आवश्यकताको परिपूर्ति गरेको हुन्छ । बाबा, आमा, पति, पत्नी, छोराछोरी, दाजुभाई, दिदीबहीनीहरुको सहयोग बाट नै व्यक्तिगत तथा सामाजिक कार्यहरु पुरा हुने गर्दछन् । विभिन्न समाजमा रहेको परिवारको उद्देश्य तथा लक्ष समान भएता पनि उनीहरुको परिवारको स्वरप भने भिन्न खालको पनि पाइन्छ । यहाँ दलित समुदायको परिवार सयुंक्त र एकल भएको पाइयो जुन तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

उत्तरदाताको पारिवारिक संरचना विवरण

| क्र.सं. | परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकात्मक | २१ | ८४ |
| २. | संयुक्त | ४ | १६ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार एकात्मक परिवार भएका उत्तरदाता २१ अर्थात ८४ प्रतिशत रहेको छ । त्यसैगरी संयुक्त परिवार भएका उत्तरदाता भएको संख्या ४ अर्थात १६ प्रतिशत रहेको छ । यस अध्ययन नतिजालाई मध्यनजर गरेर हेर्दा एकात्मक परिवारको संरचना तिर यहाँको दलित बढी उन्मुख भको पाइन्छ । किन एकात्मक परिवार धेरै पाइयो सानो परिवार सुखी परिवार भन्नको साथै शैक्षिक चेतना, सुचना सञ्चार, सामाजिक सञ्जाल, परिवार नियोजनको स्थायी अथवा अस्थायी साधनको जनचेतनाले एकात्मक परिवार धेरै रहेको पाइयो ।

### ४.२.४ शिक्षाको अवस्था

प्रत्येक व्यक्ति समाज र राष्ट्रको निम्ती अत्यावश्यक कुरा हो शिक्षा विकासको मुल आधार हो । शिक्षा विना व्यक्ति समाज र राष्ट्रको विकास असम्भव छ । अझ शिक्षीत भन्दा अशिक्षीतको बहुल्यताले रुमलि रहेको हाम्रो जस्तो मूलुकको निम्ती शिक्षा को विकास हुन नितान्त आवश्यक छ । वि.सं. २०६८ सालको जनगणना अनुसार कूल जनसङ्ख्याको ६५.९ प्रतिशत सारक्षर रहेको आकडाले जनाएको छ । जसमा पुरुष ७१.२ प्रतिशत र महिला ५७.७ प्रतिशत रहेको छन् । त्यसमा पनि पिछडिएको दलित जाति रहेको हाम्रो समाज तथा मुलुकको ग्रामीण क्षेत्रमा साक्षरताको स्थितर्ता झनै नाजुक रहेको छ । आरक्षण शिक्षा सम्बन्धी व्यावस्था अनुसार शिक्षा ऐन, २०२८ को दफा ६ क(१) मा मन्त्रालयले आवश्यक पुर्वाधारको व्यवस्थागरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा समावेर्शा शिक्षा अनौपचारिक शिक्षा, निरन्तर शिक्षा खुला शिक्षा संञ्चालनको व्यवस्थम छ । त्यसैगरी नेपालको संविधान २०७२ ले मानव भएकै नाताले हरेक मानिसले उपयुक्त समायमा उपयुक्त ढङ्गले शिक्षा पाउनु उसको नैसर्गिक अधिकार हो । अहिलेको बहुप्रतिस्पर्धी समयमा भजविनयापन गर्न सक्षम हुनका लागि पनि शिक्षा आधारभूत आवश्यकता भएकोले शिक्षालमई मौलिक हकको रुपमा लिइएको हो । जसमा मौलिक हकको रुपमा प्रत्येक

नागरिकर्ला आधारभूत शिक्षामा पहुचको हक हुनेछ । प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा निःशुल्क पाउने हक छ । यसै क्रममा मोलङ्ग गाउँपालिका वडा नं. २ मा दलित समुदायको शैक्षिक अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

उत्तरदाताहरुको शैक्षिक अवस्था

| **क्र.सं.** | **शैक्षिक योग्यता** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | निरीक्षर | ६ | २४ |
| २. | साक्षर | ४ | १६ |
| ३. | प्रा.वि. | ५ | २० |
| ४. | नि.मा.वि. | ५ | २० |
| ५. | मा.वि | ३ | १२ |
| ६. | उ.मा.वि. वा सो भन्दा माथि | २ | ८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार उत्तरदाताको शैक्षिक अवस्था हेर्दा निरक्षर २४ प्रतिशत, साक्ष्र, १६ प्रतिशत, प्रा.वि. २० प्रतिशत, नि.मा.वि. २० प्रतिशत, मा.वि. १२ प्रतिशत र उ.मा.वि. वा सो भन्दा माथिको ८ प्रतिशत रहेको छ । माथिको तालिका अनुसार दलित समुदायको शैक्षिक अवस्था त्यक्ति राम्रो देखिदैन् । तर पनि उनीहरुको शैक्षिक अवूथा स्धारउन्मुख भने हुदै गएको पाइएको छ । आरक्षण व्यवस्था दारा सरकारले सुविधा दिए पनि शैक्षिक स्थिती भने नाजुक देखिन्छ । तर अहिले युवा पीताले शिक्षालाई मुल हतियारको रुपमा लिएका छन् । विवातिह उत्तरदाताहरु आफू राम्रो सँग शिक्षा लिन नपाइपनि अबका भावी सन्तत्तीलाई राम्रो शिक्षा दिने प्रतिवद्धता गर्दछन् ।

### ४.२.५ स्वस्थ्य अवस्था

महोत्तरी गाउँपालिका वडा नं. २ नेपाल सरकार द्धारा संचालित स्वास्थ्य चौकी रहेको छ । जसमा साधरण स्वास्थ्य चौकी इन्चाच प्रमुख रहेको छन् । यस क्षेत्रका दलित समुदायले पनि यसै स्वास्थ्य चौकी प्रयोग गर्दैछन् । अध्ययन क्षेत्रको नजिकको दलित वस्ती वाट करिब २५ मिनेटमा पुग्न सकिने यस स्वास्थ्य चौकीमा त्यक्ति धेरै सेवा र सुवधा नभए पनि सामान्य रुपमा रुघा, खोकी,

झाडा पखाला, घाउँ मलमपट्टी आदीका औषधीका साथै परिवार नियोजनका साधरण सामग्रीहरु ज्स्तै कण्डम, पिल्स, तीन महिने सुई आदीको उपलब्धता रहेको छ । यहाँको दलित समुदाय रुढीवादी परम्परागतबाट ग्रसीत छ। यीनिहरु भूत प्रेत धामी झाक्रीमा बढी विश्वास गर्दछन् । मानिस विरामी भएका हत्तपत्त अस्पताल भन्दा धामी झाक्री तर्फ प्रेरित हुन्छन् र पछि अस्पताल लैजान्छन् । विरामी हुनुमा उचित सरसफाईको कमी, प्रदुषित पानी, मुपोषण, धुम्रपान, मद्यपान आदी कुराहरु यिनीहरुको स्वास्थय समस्याको जड हो भन्ने कुरालाई विश्वास गर्दैन्न् । यसरी यीनीहरु धामी झाक्री प्रति बढी विश्वास हुनुमा यो कम खर्चिलो र सजिलै उपलब्ध हुनु हने भने अर्को कारण यिनीहरुको अन्धविश्वास पनि हो । स्वास्थ्य मन्त्रालय अन्तर्गतको क्षयरोग नियन्त्रण विभाग द्धारा संचालित विभिन्न कार्यक्रम सरसफाई स्वास्थ्य, खानेपानी भिटामीन 'ए', विभिन्न खोप पोलियो उन्मुलन ग्राम्रीण महिलाको सेवा र सहयोग मार्फत जनमानसमा पुऱ्याउने काम स्थानीय स्वयमसेवक तथा सेविकाहरु कार्यशिल रहेको देखिन्छ तापनि यस कार्यक्रमबाट दलित समुदाय खासै सक्रिउ देखिदैन्न् ।

दलित समुदाय सरसफाईमा त्यति राम्रो ध्यान नदिने जसले गर्दा बालबच्चाको स्वास्थ्यमा त्यति ख्याल नगरेको पाइयो । बुढापाकाको भनाई कुल देवताको राम्रो पुजाआजा नर्गनाले विरामी परेको बताउछन् । यस्तै प्रश्नको जवाफ कहीले काही धामी झाक्री लगाउने र नभए मात्र अस्पताल लाने कुरा विभिन्न खालका व्यक्तिहरुबाट आएको पाइन्छ । यस महोत्तरी  गाउँपालिका वडा नं. ५ का दलितहरुको स्वास्थ्य अवस्था समग्र रुपमा भन्नुपर्दा विरामी हुदाा परम्परागत धामी झाक्री गर्ने साथै स्वास्थय चौकी अथवा अस्पतालमा लैजाने गर्दछन् ।

### ४.२.६ आरक्षण सम्वन्धी चेतनाको अवस्था

आरक्षण पछाडि पारिएका समूहका व्यक्तिहरुलाई समर्थ र प्रतिस्पर्धा बनाउने धारणा हो । राज्यका हरेक संयन्त्रमा खासगरी जनसङ्ख्याको अनुपात बराबर सबै समुदायको प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता हो । यस कममा महोत्तरी  गाँउपालिका वडा नं. ५ का दलित समुदायमा आरक्षण व्यवस्था सम्बन्धि चेतना सन्तोष जनक पाइयो । जसमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका नं. ६

आरक्षण सम्बन्धि चेतनाको अवस्था

| क.सं. | आरक्षण सम्बन्धि चेतनाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक सम्बन्धि चेतना | ११ | ४४ |
| २. | आर्थिक सम्बन्धि चेतना | ८ | ३२ |
| ३. | राजनीतिक सम्बन्धि चेतना | ६ | २४ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

मथिको तालिका अनुसार सामाजिक सम्बन्धि चेतना हुने ४४ प्रतिशत, आर्थिक सम्बन्धी चेतना हुने २४ प्रतिशत रहेका छन् र राजनीतिक सम्बन्धि चेतना भएका २४ प्रतिशत रहेको पाइयो । यसरी समंग्र रुपमा आरक्षण सम्बंधि चेतनाको अवस्थालाई हेर्दा सामाजिक सम्बन्धी चेतना भएकाको प्रतिशत बढी रहेको छ भने राजनीतिक सम्बन्धि चेतना भएका कम रहेको पाइयो । जुन दलित समुदायको लागि उदाहरणीय कुरा हो । जहाँ उनीहरुको जीवनमा सुधार हुनु नहुनु आफ्नै ठाउँमा छ ।

### ४.२.७ आरक्षण व्यवस्थाको प्रदान

यस महोत्तरी गाउँपालिका वडा नं. २ मा बसोबास गरेका दलित समुदायलाई आरक्षण सम्बन्धी ज्ञान भएको पाइन्छ । जसमा आरक्षण व्यवस्था प्राप्त गरेको र प्राप्त नगरेको विवरणहरु निम्न छन् ।

तालिका नं. ७

आरक्षण व्यवस्थाको प्रदान

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शिक्षा | १२ | ४८ |
| २. | आर्थिक | १० | ४० |
| ३. | राजनीतिक | ३ | १२ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार आरक्षण व्यवस्थाको प्रदानको विवरणलाई हेर्दा ४८ प्रतिशत शिक्षा, ४० प्रतिशत आर्थिक र १२ प्रतिशत राजनीतिकमा उपलब्धि भएको पाइयो । यस सन्दर्भको अवस्थामा भन्नुपर्दा राजनीतिक क्षेत्रमा कम देखियो । आरक्षण व्यवस्थाबाट जुन उपलब्धी राजनीतिक क्षेत्रमा देखिनुपर्ने त्यो अस्थामा देखिएको छन् । र आर्थिक रुपमा पनि सन्तोषजनक सुधार देखिएको छ ।

### ४.२.८ विभेदीकरणको निवारण

यस महोत्तरी गाउँपालिका वडा नं. २ मा बसोबास गरेका दलित समुदायलाई विभेदीकरण सम्बन्धी पहिले देखिनै थाहा छ । यस विभेदीकरणलाई आरक्षण व्यवस्थाले जिवारण गर्छ र गर्दैन भन्ने विषयलाई विवरण सहित तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

विभेदीकरण निवारण अनुसार उत्तरदाताहरुको विवरण

| क.सं. | विभेदिकरण निवारणको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विभेदिकरण निवारण हुन्छ | २३ | ९२ |
| २. | विभेदिकरण निवारण हुदैन् | २ | ८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार आरक्षर व्यवस्थाले विभेद निवारण हुन्छ ९२ प्रतिशत हुदैन भन्नेमा ८ प्रतिशत रहेको छ ।

### ४.२.९ सार्वजनिक स्थानमा भएको भेदभावमा पारेको प्रभाव

सार्वजनिक स्थल विद्यालय, होटल, स्वास्थ्य चौकी, सम्मासेह, नागरिक चेतना हाटबजार, राजनैतिक चेतना, विभिन्न ुरकारी तथा गैरसरकारी संगठन, आदीमा पहिले-पहिले दलित जातिलाई निषेध गरिएको थियो उच्च जातका मानिसले मात्र यस्ता विभिन्न क्षेत्रमा सहभागी हुन पर्दथ्ये तर अहिले आरक्षण व्यवस्था द्धारा समावेशी समाजको निर्माण प्रक्रिया पहिले भन्दा अहिले त्यस्तो जाटिल नभएको यस जातिहरुले बताएका छन् । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ९

सार्वजनिक स्थानमा आएको प्रभाव

| **क.सं.** | **सार्वजनिक स्थानमा भेदभाव अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | सार्वजनिक स्थानमा प्रवेश गर्न रोक | २५ | १०० |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिकालाई अध्ययन गर्दा खेरी सबै उत्तरदाताहरुले सार्वजनिक स्थानमा प्रवेश वा सहभागी भएको पाइयो । अहिले उच्च जालिका मानिस र हामी सँग सगै समर्वजनिक स्थानमा भेटवार्तालाप गर्दैछौ होटल हाटबजारमा संगै बसी चियापान खाजा आदी खान्छौ सगै हिड्छौ, प्रतीकक्षालयमा सँगै बसेर विकासका निम्ती विभिन्न विषयमा छलफल गदैछौ । सार्वजनिक स्थानमा विभिन्न कार्यक्रम हुदौ उच्च जातका मानिस लगायत हामी सबै प्राय सगै बसेर कार्यक्रमलाई सफल पादर्छौ । कसैले पनि गालीगलोज, कुपपित, दलित जाति भएकाले अपमान नगरेको उनीहरु बताउछन् त्यसैगरी हाटबजार बापसलमा आवश्यक पर्ने सामग्री तथा वस्तु किन्न

जादा तल्ललो जात भनि  भेदभाव नगरेको कुरा उनीह्रुले बताएका छन् । त्यस्तै गाडीको सिटमा बसदा पनि त तल्लो जात गाडी सिटमा बस्न हुदैन भनने मान्यता पनि नरहेकोउनीहरु बताउछन् । विद्यालय पनि दलितको छोरा छोरी सम्मान शिक्षा पाएको उनीहरुको  दावि छ । स्वास्थ्य चौकीमा पनि विरामी भएर जादा हरुलाई जस्तै सम्मान जनक व्यवहार गर्न उनीहरु बताउछन् । सार्वजनिक स्थानमा अहिले कुनै पनि रोकछेक नभएको र त्यसमा आएको सामाजिक परिवर्तन प्रति उनीहरु निकै खुसी भएको र आफुहरुलाई पनि समाजको सदस्य रुपमा स्वीकार्न थालेको उनीहरुले बताएका छन् ।आरक्षण तथा समावेशीकरणको अवधारणले समाजमा विस्तारै परिवर्तन भएको यस अध्ययनबाट पनि थाहा पाइयो ।

### ४.२.१० घर प्रवेशमा पारेको प्रभाव

दलित जातिका मानिसहरुले उच्च जातिको मानिसको घर भित्र प्रवेश गर्न नहुने, उच्च जातिको घरजादा पनि पर छुट्टै आगमनमा तथा दलितमा बसेर कुरा गर्नु पर्ने चलन थियो । तर आरक्षण तथा समावेशीकरण कै विशेष अधिकारले पहिले त्यस्तो अवस्था रहेपनि यस जातिका मानिसहरुलाई भान्सा घर बाहेक अन्य कोठामा पस्न दिने गरेको पाइन्छ । साथै सम्मान साथ पिरा, कुर्सी, गुन्द्री दिने गरेको उनीहरुले बताएका छन् । जसलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १०

घर प्रवेशमा पारेको प्रभाव

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घर प्रबेश गर्न | ४ | १६ |
| २. | घर प्रवेश नगर्न | २१ | ८४ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार १६ प्रतिशतले उच्च जातिको घर भित्र प्रवेश गरेको पाइयो भने ८४ प्रतिशतले प्रवेश नगरेको देखियो । साथिभाई एक अर्काको घरमा जाने कोठामा बस्ने, सुत्ने, टि.भी. हेर्ने दलितै भएपनि प्राविधिक क्षेत्रमा छ भने विजुलीको वाइरीङ्ग, धारा जोड्न बनाउन आदी गर्नेको लागि घरभित्र पस्नु पर्ने अवस्था आएमा भित्र पस्न दिइएको पाइयो । दुई जना गीरम परियार र राजेश परियार विजुली सम्बन्धी अपरेटरको रुपमा काम गर्दा रहेछन् । उनीहरुले बताए अनुसार पुजा र भान्सा कोठा बाहेक अन्य कोठामा जानदिने गरेको छन् । कि कुनै दीन हामीलाई आज जान नदिएको पुजा कोठा र भान्सा कोठामा पनि जान दिनेछन् । किन भने पहिला आज जान नदिएको ठाउँमा हहिले जान दिएको छन् भने आज जान नदिएको ठाउँमा भोलीको दीनमा जान दिनेछन् भन्ने उनीहरुको राय छ । त्यसैगरी उनीहरुले विभेदको कमी हुदै गएको र सामाजिक नियम र मुल्यमान्यतामा विस्तारै केही सकारात्मक परिवर्तन हुदै गैरहेको छ भन्ने अनुभूती भएको बताए । शिप तथा दक्षताले गर्दा पनि विभेदमा पविर्तन आएको पाइयो । यसरी आरक्षण तथा समावेशीकरण खवधारणाले यसलाई सामाजिक अनतर घुलनमा पनि लिन सकिन्छ, जुन मानविय विभेदको परिवार्तनमा आएको मानविय समान्ता हो । आरक्षण, समावेशीकरण, जनचेतना र विभिन्न सङघर्ष, अुन्छ तथा संगठन कार्यक्रमबाट यनीहरुले आफ्नो मानविय अस्तित्व समानका लागि चालेका कदमबाट परिवर्तन हुदै गहिरहेको छ ।

### ४.२.११ धार्मिक स्थल प्रवेशमा पारेको प्रभाव

धार्मिक स्थल मठमन्दीरमा प्रवेश निषेध थियो । उच्च जातिकाले पुजापाठ गरीसकेपछि मात्र यस जातिका मानिसलाई मन्दिर भित्र गएर नभइ मन्दिर बाहिर  बाटै पुजन पाठ गर्नुवथ्यो तर अखिले त्यस्तो अवस्था नरहेको यस जातिका मानिसहरु बताउछन् । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ११

धार्मिक स्थल प्रवेशमा पारेको प्रभाव

| क्र.सं. | धर्मिक स्थल प्रवेशको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | धर्मिक स्थल प्रवेश गर्न | २५ | १०० |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अध्ययन गर्दा खेरी सबै उत्तरदाताहरुको धार्मिक स्थलमा प्वेश गरेको पाइयो । अहिले उच्च जातिका मानिस र हामीसँग सगै मन्दिरमा पुजा गर्न जान्छौ । मन्दिर भित्र पसेर नै पुजन गर्छौ । मन्दिरका पुजारीबाट प्रसाद ग्रहण गर्दछौ । त्यही क्षेत्रमा रहेको, सुनवती देवी, तीनधारे माई र पञ्चकन्या देवी मन्दिर भित्र पसेर नै पुजाआजा गरेको र कसैले पनि गाली गलोज, कुटपीट, धम्की, दलित भएकाले अपमान नगरेको उनीहरु भन्छन् । त्यसैगरी पुजाआजा गर्न आवश्यक पर्ने सामग्रीहरु किन्न जादा कुनै भेदभाव नभएको उनीहरुले बताएका छन् । उनीहरुले मन्दिर भित्रको मुर्त्तिलाई स्वयम आफ्नै हातले छोएर टिका, धजा आदी चडाएको साथै अछेता पनि बताए । अहिले उनीहरुलाई मन्दिरमा मुनै पनि किसानको, पूजाआजा, मेला, धाम आदीमा रोकछेक नगरिएको र मन्दिर तथा धार्मिक स्थलबाट प्राप्त हुने सेवा सुविधामा पनि रोकछेक नभएको बताएका छन् । धार्मिक स्थलमा अहिले रोकछेक नभएको र समावेशीकरणको अवधारणाले समाजमा सामाजिक प्रभाव परेको देखिन्छ । आरक्षण व्यवस्थाले गर्दा धार्मिक स्थलमा प्रवेश गर्न सजिलो भएको पाइयो ।

### ४.२.१२ निजामती सेवामा आरक्षणको योगदान

२०६४ साल देखि लागु गरिएको समावेशी नीतिले लगभग एक दशक पार गरेको छ । यो नीति कार्यन्वयन भएको आर्थिक वर्ष २०६४/०६५ देखि आर्थिक वर्ष २०७३/०७४ सम्मको अवधिमा समावेशी समूहका १३ हजार ७ सय ९४ उम्मेदवार आरक्षणबाट लाभान्वित भएको दखिन्छ । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १२

निजामती सेवामा आरक्षणको योगदान

| | **कुल कर्मचारी** | **समावेशी मार्फतका कर्मचारी** (आ.व.२०६४/०६५ देखि २०७३/०७४ सम्म) | **आरक्षणको योगदान** (प्रतिशत) |
|---|---|---|---|
| महिला | १६,३८५ | ५,२१७ | ३२ |
| जनजाति | १६,३३८ | ४,००४ | २४ |
| मधेशी | १३,१७२ | ३,२२६ | २४ |
| दलित | १,७३३ | १,३४७ | ७८ |

आरक्षणले दलित समुदायको प्रतिनिधित्व बढाउन पनि उल्लेखनीय योगदान पुऱ्याएको छ । किन भने आरक्षण लागु हुनुअघि उनीहरुको प्रतिनिधित्व ज्यादै कम थियो । यस अध्ययनमा महिला, १६,३८५, जनजाति, १६,३३८ मधेशी १३,१७२ र दलित १,७३३ रहेको पाइयो ।

## ४.३ आर्थिक अवस्था

यस खण्डमा दलित जातिको आर्थिक गतिविधी सम्बनधी पेशा, जग्गाको स्वामित्व आम्दानी, खर्च आदी सम्बन्धी व्याख्या गरिएको छ ।

### ३.३.१ परम्परागत जातीय र आधुनिक पेशाको अवस्था

यस अध्यायमा दलित जातिको घर परिवारका सदस्यहरुलाई आरक्षण व्यवस्थाबाटके कस्ता आर्थिक प्रभाव पारीरहेको छ भनी पेशागत रुपबाट पनि बर्गीकरण गरीएको छ । मुख्यतया यस अध्ययन क्षेत्रको दलित समुदायले परम्परागत रुपमा सिलाई बुनाई, बाजाबजाउने काम पनि गर्दै आएका छन् । समय परिवर्तन सँगै दलित जातिका युवाहरुले आएको पाइन्छ । पछिल्लो पुस्ताका युवाहरु परम्परागत पेशा छाड्दै राज्यले दिएको विशेष अभिकार अंगाल्दै सेना प्रहरी समेत रोजगारीमा आकर्षित भएका छन् । अध्ययन गरिएको २५ घरपरिवारको आरक्षण व्यवस्था द्वारा पेशागत अवस्थालाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

उत्तरदाता सँग को पेशागत सम्बन्धी वर्गीकरण

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | ५ | २० |
| २. | व्यापार | ४ | १६ |
| ३. | नोकरी | ७ | २८ |
| ४. | वैदेशिक रोजगार | २ | ८ |
| ५. | दैनिक मज्दुरी | ७ | २८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तालिका नं. १५ अनुसार अध्ययन गरिएको दलित समुदायमा पेशामा कृषि ५ वा २० प्रतिशक्त व्यापार ४ वा १६ प्रतिशत, नोकरी ७ वा २७ प्रतिशत, वैदेशिक रोजगारमा २ वा ८ प्रतिशत र दैनिक मजदुरी ७ वा २८ प्रतिशत रहेको पाइयो । समग्र रुपमा दलित समुदायको पेशाालाई अनुशरण गर्दा खेरी आरक्षण तथा समावेशीकरण व्यवस्थाले दलित जातिहरुलाई शत प्रतिशत सहयोग नपुगे पनि अधिकतम मात्रामा समाजमा पेशााको रुपमा समावेश गरेको पाइयो । पहिले कृषि र दैनिक मजदुरी भरपर्ने दलित समुदाय आरक्षण व्यवस्था द्धारा आजभोली व्यापार, नोकरी, बैदेशिक रोजगारमा पनि सकरात्मक रुपमा सहभागी भएको पाइयो । आरक्षण वा समावेशी व्यवस्था भनेको राज्यलाई समावेश गराउनु हो । यसको अर्थ हिजो राज्यवाट भएका दमन, विभेद र संरचनागत हिंसाले पछाडि पारेका समुदायलाई राज्यका मूल धारमा ल्याउनु हो । र विशेष गरी कर्मचारीतन्त्र जस्तो राज्यको स्थायी अङ्गमा उनीहरको सम्माजनक प्रतिनिधित्व सुनिश्चित गराउनु हो आरक्षण सामान्यतया विभेद र बहिष्कारण सम्बोधन गर्न उपाय हो । त्यति मात्रै होइन, समावेशिता र विविधता प्रावधान गर्न माध्यम पनि हो ।

### ४.४.२ जग्गाको स्वमित्व

राज्यले भूस्वामित्वहिन जातिलाई आरक्षण व्यवस्था द्धारा भूस्वामित्व प्रदान गर्न व्यवस्था छ । तर यस अध्ययन क्षेत्रमा भूस्वामित्वहिन रहेको दलित जाति पाइएन । अध्ययन गरिएको क्षेत्र सामान्य भू-भाग रहेको स्थान हो । यस स्थानमा खेत बारी प्रर्व भएको पाइन्छ । यहाँ यस समुदायकृ जग्गा भन्नु नै खेतवारी हो । अध्ययन गरिएको २५ घरपरिवारका जग्गाको भू-स्वामित्वलाई देहाएबमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १४

दलित समुदायको भू-स्वामित्वको स्थिती

| क्र.सं. | भू-स्वामित्व कट्ठामा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १-५ कट्ठासम्म | १४ | ५६ |
| २. | ५-१० कट्ठासम्म | ७ | २८ |
| ३. | १० कट्ठादेखी माथि | ४ | १६ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तलिका नं. १६ अनुसार भुमिको स्वामित्वलाई हेर्दौ ५ कट्ठासम्म जग्गा हुने १४ अर्थात ५६ प्रतिशत रहेको छ, त्यस्तै १० कट्ठासम्म हुनेको संख्या ७ घरपरिवार अर्थात २८ प्रतिशत र १० कट्ठाभन्दा माथि जग्गा हुने घरपरिवार जम्मा ४ अर्थात १६ प्रतिशत रहेको छ । काथिको तमलिकाले यस समुखायको जग्गाको स्वमित्व न्यूनस्तरमा रहेको पाइन्छ । तसर्थ उनीहरु कृषि पेशाबाट मात्र आफ्नो जीवन निर्वाह गर्न नसक्ने अवस्थामा रहेको पाइन्छ । दलित समुदायको भू-स्वामित्वको तथ्यङ्कलाई अध्ययन गर्दा खेरी समाजमा अन्य जातीको जति प्रस्सत जग्गा जमिन नभएपनि सन्तोषजनक रहेको पाइन्छ । उनीहरुको स्वामित्वमा रहेको जग्गा जमिन कसैको धेरै र कसैको अलि थोरै भएपनि विभिन्न पेशाबाट उनीहरुको दैनिकी जीवन सञ्चालन भइरहेको पाइन्छ । आरक्षण व्यवस्था द्धारा भू-स्वामित्व विहीन दलितहरुलाई जग्गा जमिन उपलब्ध गराइने व्यवस्था छ तर यहाँका दलित सदस्यहरुको थोरै भएपनि जग्गा आफ्नो स्वामित्व रहेको छ ।

### ४.४.३ कृषि

नेपालमा अन्य जातिहरुले जस्तै यस अध्ययन क्षेत्रका दलितहरुले पनि कृषि नै मुख्य पेशाको रुपमा अपनाउदै आएका छन् । यस भेगमा मलिलो र उपयुक्त उर्वरायुक्त भुमि भएको हुदाँ त धान नै उब्जनी गर्न समिन्छ । त्यसपछि आलु, मकै, गहुँ, तरकारीखेती जुन सुकै तरिकाको कमाई लगाउन पनि सकिन्छ । उत्पादनका लागी कादमा हलो, जुवा, कुटो, कोदालो, बन्चरो, डोको, नाम्लो आदी प्रयोग गरिएको देखिन्छ । अर्काको जग्गा कमाउने चलन पहिले भन्दा हट्दै गएको छ । अध्ययन गरिएको घर परिवारमध्ये केही खेती योग्य भुमी भने पाइएको छ । आफ्नो जग्गा कमाउने पनि गर्दछन् । यस अध्ययन क्षेत्रमा अन्य बालीहरु भन्दा धान बालीलाई प्रमुख बालीका रुपमा लिइन्छ जसलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १५

उत्तरदाताले उत्पादन गर्न धानखेती विवरण

| क्र.सं. | उत्पादनको परिणाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५ मुरी भन्दा कम | ६ | २४ |
| २. | ५-१० मुरी सम्म | १० | ४० |
| ३. | १५-२० मुरी सम्म | ३ | १२ |
| ४. | २० मुरी भन्दा माथि | २ | ८ |

| | | |
|---|---|---|
| जम्मा | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार उत्तरदाताहरुले उत्पादन गर्न भानको परिणाम हेर्दा ५ मुरी भन्दा उत्पादन गर्न २४ प्रतिशत, १० मुरी सम्म उतपादन गर्न १६ प्रतिशत, २० मुरी सम्म उत्पादन गर्ने १२ प्रतिशत र २० मुरी भन्दा माथि उत्पादन गर्ने ८ प्रतिशत रहेका छन् । तसर्थ समग्रमा माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रका दलित जातिहरु कृषि पेशालाई जीवन निर्वाहका रुपमा लिने गरेका छन् । दलित जातिहरुले कृषि पेशालाई परम्परागत रुपमा नै अङगाल्दै आएतापनि पहिलेको जस्तो दैनिकी जीवन अरुमा भरपरेको देखिदैन । पहिलेको जस्तो  अरुको जग्गा जमिन कमाउने प्रथा अहिले धेरै रुपमा हटीसकेको छ । थोरै भएपनि आफ्नो जग्गा जमिनमै उत्पादन गर्नेहरुले आरक्षण तथा समावेशीकरणको अवधारणले नोकरी, व्यवसाय, रोजगारी द्धारा आफ्नो दैनिकी जीवन चलाउछन् भने अलि धेरै उत्पादन गर्नेहरुले हाट बजारमा गेर बिक्री गरी आफ्नो आर्थिक अवस्था गर्दछन् ।

### ४.४.५ श्रम वा ज्यालादारी

ब्राम्हण, क्षेत्री वस्ती सगै जोडिएर रहेको दलित जातिको यो बस्तीमा अधिकांश दलितहरु श्रम तथा ज्यालादारी गर्ने गर्दछन् । यो जातिको परम्परागत जातिय पेशा भएतापनि त्यसबाट मात्र जीविकोपार्जन धान्न गाह्रो भएको र सबैले शिप नसिकेकोले गर्दा उनीहरुले अन्य ज्यालाद्धारी गर्ने बताएका छन् ।कृषि कार्य अर्न्तगत अरुको हलो जोत्ने खेत बारी विराउने ढुङ्गा माटो, बालुवा आदी बोक्ने गर्दछन् । घर छोडेर त्यति हिड्न मन नपराउने यहाँका दलितहरु आज भोली ज्याला मज्दुरी गर्ने, वैदेशिक रोजगारमा जान, काठमाण्डौं तिर पनि बेही मात्रामा आउने गरेका छन् ।

सिलाई बुनाई तालिम लिएर वा शिप सिकेकाहरुले टेलरिङ्ग गरेको पाइयो । दशै, तिहार, विवाह, ब्रतबन्ध आदीमा गाजाबाजा बजाएर पनि आम्दानी गरेको पाईयो । बर्खायाममा तथा असारमा धान बाली लगाउने समयमा महिलाहरुले अरुको खेतमा धान रोप्न जाने गर्दारहेछन् । सो श्रम बापत उनीहरुलाई दिनको रु ५०० रुपैया प्राप्त गर्दा रहेछन् भने पुरषहरुले हलो जोत्ने, आली ताच्छने, आली लगाउने, बाउसे गर्ने आदी गर्दा रहेछन् । सो बापत उनीहरुलाई रु. १००० रुपैया दिनको प्राप्त गर्दा रहेछन् । यसरी श्रम तथा ज्यालादारी गरी यस समुदायले आफ्नो जीवन धान्ने गरेको पाइन्छ । यस समुदायका दलितहरु पहिलेको जस्तो श्रम वा ज्यालादारी लादीएका छैन्न् ।

उनीहरुको आफ्नो, शिप र दक्षताका अनुसार उनीहरुले आफ्नो पारिश्रमीक पाएका छन् । पहिलेको जस्तो उच्च जातिकोमा नै श्रम गर्नु पर्छ भन्ने छैन् । अहिले उनीहरु सहरबजार, देशविदेश जुनसुकै ठाउँमा गएर आफ्नो श्रम गर्ने गरेको पाइयो । आरक्षण वा समावेशी व्यवस्था भनेको राज्यलाई समावेश गराउनु हो । यसको अर्थ हिजो राज्यवाट भएका दमन, विभेद र संरचनागत हिंसाले पछाडि पारेका समुदायलाई राज्यका मूल धारमा ल्याउनु हो । र विशेष गरी कर्मचारीतन्त्र जस्तो राज्यको स्थायी अङ्गमा उनीहरको सम्माजनक प्रतिनिधित्व सुनिश्चित गराउनु हो आरक्षण सामान्यतया विभेद र बहिष्कारण सम्बोधन गर्न उपाय हो । त्यति मात्रै होइन, समावेशिता र विविधता प्रावधान गर्न माध्यम पनि हो । अध्ययनमा आरक्षण गर्दा उनिहरुको व्यवसाय, नोकरी र उत्पादनमा समेत बृद्धि भएको पाइयो ।

### ४.४.६ व्यवसाय/व्यापार

यहाँका दलित जातिको आर्थिक स्थिति बलियो नभएको कारण उद्योग धन्दा प्रति चाहेर पनि लाग्न सकेको छैन्न् । अध्ययनको क्रममा यस क्षेत्रका एक जनाले पशु व्यापमर गरेको पाइयो जसको नाम इन्द्र बहादुर परियार हो । उहाँले रागा भैसी, सुगुँरको किन बेच गर्नु भएको रहेछ । बजारमा रागा, सुँगुर काटेर बेज्ने पनि गर्नुहुदो रहेछ । त्यसैगरी केही टेलर खोलेर आफ्नो व्यावसाय गरेको पाइयो । न्युन व्यक्तिहरुको मात्रै व्यावसाय गरेको पाइयो । यहाँका दलित जातिको आर्थिक अवस्था कमजोर भएर व्यवसाय क्षेत्रमा कम भएता पनि पहिलेको भन्दा धेरै सुधारात्मक देखिन्छ । पहिले यस जातिले व्यवाीय गरेको नपाएता पनि अहिलेको अवस्थामा केही व्यक्ति भएपनि व्यापार व्यावाीय गरी समावेशी भएका छन् । व्यवसाय गर्ने थोरै मात्रामा भएपनि उनीहरु सन्तोष जनक रहेको र आर्थिक रुपमा धेरै सहयोग पुगेको पाइयो ।

### ४.४.७ नोकरी

यस अध्ययन क्षेत्रका दलितहरुले पनि नोकरी गरेको पाइयो । जसमा ५ जनाले सरकारी क्षेत्र नेपाली सेनामा नोकरी गरेको पाइयो । नोकरी क्षेत्रमा दलित जातिको पनि सहभागी भएको पाइयो । आरक्षण व्यवस्थाले दलित जातिको नोकरी क्षेत्रमा ५ प्रभाव पारेको देखियो ।

### ४.४.८ उत्पादन

अध्ययन गरिएको २५ घर परिवारको जग्गाबाट हुने उत्पादन यो पिछडिएको क्षेत्र हो । त्यसकारण यस क्षेत्रमा धेरै उत्पादन हुने क्षेत्र भन्न मिल्दैनु । भौगोलिक हिसाब ले जे जस्तो भएपनि यसमा

मुख्य पेशाा कृषि नै हो । अध्ययन गरिएको २५ घर परिवारको जगाबाट हुने उत्पादन हुने उत्पादनबाट खान पुग्ने वा नपुग्ने निम्न तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

जग्गाबाट हुने उत्पादन विवरण

| क्र.सं. | जग्गाबाट हुने उत्पादन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १-३ महिना सम्म पग्ने | १० | ४० |
| २. | ३-६ महिना सम्म पुग्ने | ७ | २८ |
| ३. | ६-९ महिना सम्म पुग्ने | ४ | १६ |
| ४. | ९-१२ महिना सम्म पुग्ने | ४ | १६ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तलिका नं. १९ अनुसार ३ महिना खाना पुग्ने घर परिवार संख्या १० (४० प्रतिशत) रहेको छ भने ३-६ मिहनासम्म पुग्ने परिवारको संखया ७ (२८ प्रतिशत) रहेको छ त्यसैगरी ६-९ महिनासम्म पग्ने बरहरुको संख्या ४ (१६ प्रतिशत) र ९-१२ महिना सम्म पुग्नेको संख्या ४ (१६ प्रतिशत) रहेको छ । जग्गाबाट हुने उत्पादनको सन्दर्भमा यस दलित समुदायमा आरक्षण व्यवस्थाले खासै प्रचाव परेको दखिदैजन किनभने कम अन्न उतपादन हुने परिवारलाई राम्रो सौलीहरु दिएको देखिदैन् ।

### ४.४.९ वार्षिक आम्दानी

अध्ययन गरिएको घर परिवारको सद्स्यहरुको आम्दानी कर श्रोतहरुमा नोकरी, कृषि, पशुपालन, श्रमिक ज्यालादारी इत्यादी रहेका छन् । कृषिलाई मुख्य पेशाको रुपमा लिएको पाइन्छ । यसरी गरिएको २५ घरपरिवारमा वार्षिक आम्दानीको अवस्था तलको तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

वार्षिक आम्दानी विवरण

| क्र.सं. | आम्दानी रकम रु. | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५०,०००-७०,००० | ९ | ३६ |
| ३. | ९०,००० देखि माथि | ६ | २४ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका नं. २० अनुसार वार्षिक आम्दानीको विवरण रु. ५०,०००-७०,००० (३६ प्रतिशत) रहेको छ, रु. ७०,०००-९०,००० (४० प्रतिशत) र रु. ९०,००० देखि माथिको (२४ प्रतिशत) रहेको छ । प्राप्त तथ्याङ्कलाई अनुसरण गर्ने हो भने यस क्षेत्रमा दलित जातिको आम्दानी सन्तोष जनक रहेको छ । आरक्षण व्यवस्था द्धारा यहाँ दलितहरु कोही प्राइभेट जागिर, केही रोजगारी क्षेत्रमा र कोही व्यवसाय क्षेत्रमा अबलम्बन भई आफ्नो आर्थिक अवस्था पुर्खाको भन्दा धेरै राम्रो भएको पाइयो । जहाँ पहिलेको भन्दा जीवकोपार्जन गर्न सजिलो भएको बताउछन् ।

### ४.४.१० वार्षिक खर्च

यस स्थानमा बसोबास गरेका दलित जातिहरु पैसा कमाउने पेशामा कम रहेका छन् । विशेष गरी आवश्यकतापर्दा मजदुरी उत्पादित सामान बेचविखन गर्दछन् । यसरी नै आम्दानी अनुसार खर्च हुने उत्तरदाताहरु बताउछन् । मुख्यखर्च क्षेत्रलाई निम्न अनुसार प्रस्तुत गरिएको छ । खाद्यान्नमा हुने खर्च यस स्थानमा बसोबास गरेका दलित जातिको घर परिवारमा अत्याधिक रहेको पाइन्छ ।

तालिका नं. १८

खाद्यान्नमा हुने खर्च

| क्र.सं. | खर्च रकम रु. | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५,०००-२५,००० | ८ | ३२ |
| २. | २५,०००-३५,००० | ११ | ४४ |
| ३. | ३५,०००-४५,००० | ६ | २४ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तलिका नं. २१ प्रस्तुत गरिए अनुसार १५,०००-२५,००० वार्षिक खाद्यान्नमा खर्च गर्ने परिवार ८ रहेको छ भने २५,०००-३५,००० खर्च गर्ने परिवार ११ जना रहेको छन् । त्यसैगरी ३५,०००-४५,००० खाद्यान्नमा खर्च गर्ने परिवार ६ रहेको अध्ययनको क्रममा उनीहरुले बताएका छन् । यसरी सबै भन्दा बदी खर्च गर्ने परिवार ६ रहेको छ र कम ८ रहेको छ । यसरी आम्दानी बढी हुने र परिवार संख्या बढी हुने र परिवार संख्या बढी हुने परिवारले बढी खर्च गरेको पाइयो भने कम आम्दानी र कम परिवार संख्या हुनेले कम खर्च गरेको पाइयो ।

औषधी उपचारमा यस यस जातिहरुले खर्च कम गर्ने गरेको पाइन्छ । यस क्षेत्रमा मानिसहरु विरामी पर्दा झरफुक गर्ने, घरेलु औषधी प्रयोग गर्ने ढिक नभएमा मात्र स्वास्थ्य चौकी वा हस्पिटल र निकै साह्रो पर्दा मात्र हस्पिटल जाने गर्दछन् । यिनीहरुले औषधीमा खर्च तालिमा नं. १६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १९

औषधि उपचारामा हुने वार्षिक खर्च

| क्र.सं. | उपचारमा हुने खर्च रु. | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५,०००-१०,००० | १३ | ५२ |
| २. | १०,०००-१५,००० | ९ | ३६ |
| ३. | १५,००० देखि माथि | ३ | १२ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तालिका नं. २२ अनुसार ५,०००-१०,००० सम्म औषधि उपचारको खर्च हुने परिवारको संख्या १३ (५२ प्रतिशत) सम्म रहेको छ, त्यसैगरी १०,०००-१५,००० परिवारको संख्या ९ (३६ प्रतिशत) रहेको छ । र सबै भन्दा कम खर्च १५,००० देखि माथि उपचार क्षेत्रमा खर्च हुने परिवार संख्या ३ (१२ प्रतिशत) रहेको छ ।

अध्ययनको क्रममा यस क्षेत्रका दलित जातिको घरपरिवारका बालबच्चा तथा छोराछोरीहरु सरकारी विद्यालयमा पढ्ने गरेका छन् । सरकारबाट प्राप्त हुने विशेष अधिकार आरक्षणबाट विभिन्न सेवा प्राप्त भएकोले शिक्षामा खर्च हुने कम रहेको दृखिन्छ । जसलाई तालिकाबाट पनि उल्लेख गरिएको छ ।

तालिका नं. २०

शिक्षामा हुने वार्षिक खर्चको विवरण

| क्र.सं. | शिक्षामा हुने खर्च विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ३,०००-४,००० | १५ | ६० |
| २. | ४,०००-५,००० | ६ | २४ |
| ३. | ५,००० देखि माथि | ४ | १६ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार ३ देखि ४ हजार क्षिामा खचए हुने परिवारको संख्या १५ रहेको छ जुन सबै भन्दा बढी संख्या घरपरिवार हो भने ४ दखि ५ हजार खचृ हुने परिवारको संख्या ६ रहेको छ । त्यसैगरी ५ हज भन्दा माथि खर्च हुने परिवारको संख्या ४ रहेको छ। इसरी सरकारी विद्यालयमा अध्ययन गर्ने भएकोले खर्च कम भएको साथै सरकारले दलितलाई दिने आरक्षण व्यवस्था वा विभिन्न सेवा सुविधा पनि पाएकोले खर्च कम लागेको उनीहरुले बताएका छन् । फेरी विद्यालय पनि दलित जातिको बसोबास भएको क्षेत्रबाट नजिकै ५ देखि १० मिनेट भित्रमा पुगिने छ । जसले गर्दा यातायात प्रयोग नगर्नु पर्ने भएकाले पनि खर्च कम लागेको पाइन्छ ।

लत्ताकपडा, कोरञ्जन लगायत चाडपर्व अन्यमा हुने खर्चलाई तलको तालिका प्रस्तुत गरिन्छ ।

तालिका नं. २१

विविध शिर्षकमा हुने खर्चको विवरण

| क.सं. | विविध शिर्षक | संख्या | | | जम्मा | प्रतिशत | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | लत्ताकपडा | १२ | ९ | ४ | २५ | ४८ | ३६ | १६ | १०० |
| २. | मनोरञ्जन | ८ | ९ | ८ | २५ | ३२ | ३६ | ३२ | १०० |
| ३. | चर्डपर्व | ५ | ७ | १३ | २५ | २० | २८ | ५२ | १०० |
| जम्मा | | २५ | २५ | २५ | | १०० | १०० | १०० | |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार बढी परिवारको संख्या हुने र बढी आम्दानी गर्ने घरपरिवारले सोही अनुसारको बढी खर्च गरेको छन् भने कम परिवार संख्या हुने र कम आम्दानी गर्ने घरपरिवारले सोही क्षमता अनुसार खर्चगरेको पाइयो । यस क्षेत्रका दलित जातिको वार्षिक खर्चको सन्दर्भमा खाद्यान्न तथा विविध शीर्षकहरुमा मात्र अलि बढी खर्च हुने चएको पाइयो किनभने उनीहरुको आर्थिक अवस्था कमजोर भएर प्रसस्त जग्गा जमिन नभएकोले र प्रसस्त आर्थिक अवस्था नभएर व्यापार व्यवसाय गर्न सकेकोले खाद्यान्न अलि बढी खर्च देखिन्छ भने शिक्षा र स्वास्थ्यमा खासै खर्च भएको पाइदैन् किनभने दलित जातिलाई सरकारद्धारा आरक्षण व्यवसथा भएकाले दलित भत्ता आदि विभिन्न सेवा सुविधा प्राप्त भएकोले शिक्षा स्वास्थ्य खासै खर्च भएको देखिदैन् ।

४.४.११ ऋण तथा कर्जा,

यस क्षेत्रका दलित जातिहरुले आफ्नो विभिन्न घरायसी सास्या समधान गर्ने विभिन्न साहु महाजन, सहकारी संस्था, बैंक आदीबाट आवश्यकता अनुसारको ऋण प्राय सबै घरपरिवारले लिएको पाइएको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. २३

ऋणलिने घरपरिवारको ऋण विवरण

| **क.सं.** | **ऋण रकम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | १,०००-२०,००० | १४ | ५६ |
| २. | २०,०००-३,००० | ६ | २४ |
| ३. | ३०,००० देखि माथि | ५ | २० |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार १० देखि २० हजार ऋण लिने परिवारको संख्या १४ (५६ प्रतिशत) रहेको छ भने २० देखि ३० हजार सम्म ऋण लिने घरपरिवारको संख्या ६ (२४ प्रतिशत) छ । त्यसैगरी ३० हजार भन्दा बढि ऋण लिने घरपरिवारको संख्या ५ (२० प्रतिशत) पाइयो । ऋण के गर्न लिनु भयो भन्ने प्रश्नको जवाफमा उनीहरु चार्डपर्व, औषधी उपचार आदीका लागि आवश्यक भएकोले लिएको हो भनेर भने । ऋणीहरुले ऋण लिएको संस्थाको नाम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २४

ऋण लिएको स्थानको विवरण

| क्र.सं. | ऋण रकम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | स्थानीय साहुमहाजन | ६ | २४ |
| २. | स्थानीय समूह | ८ | ३२ |
| ३. | सहकारी संस्था | १० | ४० |
| ४. | बैंक | १ | ४ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथि उल्लेख भएको तालिकाको आकडालाई अध्ययन गर्दा खेरी सबै भन्दा बढी सहकारी संस्था बाट ऋण लिने घरपरिवार रहेको पाइयो र सब भन्दा कम बैंकबाट दिने रहेको पाइयो त्यसैगरी स्थानीय साहुमहाजनबाट ऋण लिने घरपरिवारको संख्या २४ प्रतिशत र स्थानीय समूहबाट ३२ प्रतिशत ऋण लिइएको पाइयो । ऋण तथा कर्जाको तथ्याङ्कलाई विश्लेषण गर्दा यस क्षेत्रका दलित जातिले सरकारी बैकबाट भन्दा पनि सहकारी क्षेत्रबाट बदी ऋण तथा कर्जा लिएको देखिन्छ । किनभने ऋण तथा कर्जा लिएको देखिन्छ । किनभने ऋण तथा कर्जाको कुरा गर्दा खेरी सरकारी बैकले धितो खोज्ने भएकाले आफुहरु सँग धितो राख्ने जग्गा जमिन धेरै नभएकोले बैकंबाट ऋण तथा कर्जा नलिएको बताउछन् । सहकारी संस्थामा ऋण तथा कर्जा लिन सजिलो भएकोले अलि बढी सहकारी संस्थाबाट ऋण लिएको पाइयो । त्यसैगरी स्थानीय साहुमाहजन र स्थानीय समुहबाट ऋण लिएको पाइयो । जहाँ की अण तथा कर्जाको व्यवस्थामा सरकारद्धारा आरक्षण व्यवस्था खासै उपलब्धि नभएको देखिन्छ ।

### ४.४.१२ बचत

यस क्षेत्रमा बसोबास गर्ने अधिकांस दलित जमतिका मानिसहरुले श्रम तथा ज्याला मजदुरी गरेर आफ्नो घरपरिवार तथा जीवनयापन गर्दै आएकोले बचत गरेको पाइदैन् । तर सहकारी संस्था स्थानीय समूह आदीमा बचत नगरी ऋण लिन नपाइने भएकाले ऋण लिनको लागि भएपनि केही मात्र बचत गरेका छन् । जहाँ ऋण लिने र नलिने घरपरिवारको विवरण तलको तालिका देखाइएको छ ।

तालिका नं. २५

बचत विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बचत गर्न | १८ | ७२ |
| २. | बचत नगर्ने | ७ | २८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

तालिका नं. २७ अनुसार दलित जातिहरुको बचत गर्न १८ (७२ प्रतिशत) र बचत नर्गो ७ (२८ प्रतिशत) रहेको छ ।

### ४.४.१३ आरक्षण व्यवस्थाले नोकरी क्षेत्रमा पारेको प्रभाव

आर्थिक पक्षको रुपमा नोकरी पनि एक बहुआयमिक आयम हो । यस अध्ययनको क्रममा यस अध्ययन क्षेत्रमा दलित जाति पनि केही मात्रामा भए पनि यस नोकरी क्षेत्रमा संलग्न भएको पाइयो जुन देहाएबमोजिम छन् ।

तालिका नं. २९

नोकरी क्षेत्रमा पारेको प्रभाव

| क्र.सं. | नोकरी क्षेत्रको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सरकारी क्षेत्रमा | ५ | ७१.४२८ |
| २. | प्राइभेट क्षेत्रमा | २ | २८.५७१ |
| जम्मा | | ७ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिकालाई अध्ययन गर्दा खेरी सरकारी नोकरीमा ५ (७१.४२८ प्रतिशत) र प्राइभेट नोकरीमा २ (२८.५७१ प्रतिशत) रहेको छन् । आरक्षण तथा समावेशी सम्वन्धी हक अधिकारले गर्दा उनीहरुले सरकारी सेवनका क्षेत्रमा नोकरी तथा जागिरको सहज पहुाच पाउने हुदा आर्थिक उन्नतिमा बृद्धि हुदै गएको छ । जसमा सरकारी नोकरी गर्न ५ जना नेपाली सेनामा जागिर खान्छन् भने प्राइभेट तर्फ २ जना हाइड्रोपावरको अपरेटरको रुपमा नोकरी गरी रहेका छन् । यसरी सरकारले दिने विभिन्न किसिमका सेवासुविधामा पाएको छुट, कर राजस्व आदीमा साथै दलित भत्ताले पनि उनीहरुको आर्थिक अवस्थाम सुधार आएको पाइन्छ । त्यसैगरी विभिन्न गैरसरकारी संस्थाहरुले ल्याउने आर्थिक बृद्धि सम्बन्धि स्वोरोजगार तालिम जस्तै :- सिलाई बुनाई, कटाई, मुडा बुन्ने फनिर्चर सम्बन्धि आदी घरेलु उद्यम सम्बन्धि तालिमको प्राप्तिबाट  पनि आम्दानीमा सुधार अमएको पाइयो । यसरी यस जातिको नोकरी क्षेत्रमा पनि जनचेतना विभिनन सङ्घर्ष, तथा कार्यक्रमबाट उनीहरुले आफ्नो मानविय अस्तित्वको समाजका लागि आरक्षण व्यवस्थाले चालेको कदमबाट यस समुदायको आर्थिक अस्थामा सकरात्मक प्रभाव पर्दै गहिरहेको छ ।

### ४.५ आरक्षण व्यवस्थाले राजनीतिक क्षेत्रमा पारेको प्रभाव

राज्यका तथा समाजको तथा समाजको सामाजिक व्यवस्था सञ्चालन गर्नको लागि सधै राज्य तथा समाजको समृद्धि विकास र उन्नतिको लागि राजनितिकको आवश्यकता पर्दछ । जसले राष्ट्र र समाजको कल्याण मानव समुदायको भलो गर्ने नीति लिएको हुन्छ । जसमा आरक्षण व्उवस्थाले दलितहरुको कम हित, मौलिक तथा मानवीय नैसर्गिक अधिकार र प्राकृतिक न्याय स्थापना गर्नको लागि अहम भुमिका खेलेको हुन्छ । यहाँका यस दलित जातिमा पनि समाजमा समानता, सक्षमता मानव अधिकारको प्राप्तिको लागि उनीहरुमा पनि राजनितिक जागरण प्रभाव आएको पाइन्छ । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३०

राजनितिक क्षेत्रमा पारेको प्रभाव

| क.सं. | राजनितिक क्षेत्रमा पारेको प्रभाव | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गाउँपालीकाको सदस्य | १ | ४ |
| २. | विद्यालय व्यवस्थापन समितिको सदस्य | २ | ८ |
| ३. | दुवै नभएको | २२ | ८८ |
| जम्मा | | २५ | १०० |

स्रोत, स्थलगत अध्ययन २०८०

माथिको तालिका अनुसार ४ प्रतिशत गाउापालीकाको सदस्य र विद्यालय व्यवस्थापन समितिमा पनि ८ प्रतिशत रहेको छन् भने दुवैमा नभएको ८८ प्रतिशत रहेको छन् । यहाँका यस दलित

जातिमा पनि राजनीतिक क्षेत्रमा आरक्षण व्यवस्थाले प्रभाव परेको दृखिन्छ । राज्यसँग प्रत्यक्ष्य रुपमा संलग्न रहेको पाइन्छ । यहाँ पनि उनीहरु विभिन्न राजनितिक दलहरु सँग आवद्ध रहेर आफ्नो हक, अधिकार प्रतिको लागि परेको देखिन्छ । स्थानिउ निकायमा सदस्यको रुपमा भएपनि राम खिनमाया नेपालीले प्रतिनिधित्व गरेका छन् । विद्यालय समितिमा राम बहादुर नेपाली र कल्पना परियार समितीमा रहनु भएको छ । यसरी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भएपछि संविधान र कानुनमा आरक्षण व्यवस्था गरिएको छ । नेपालको संविधानमा मौलिक हक कै रुपमा समावेशीकरण, छुवाछुत तथा भेदभाव सम्बन्धि व्यवस्था गरिएको छ भने दलित आयोग गठनको पनि व्यवस्था गरिएको छ । कुनै पनि व्यक्तिलाई निजको उतपक्ति, जातजाति, समुदाय पेशा व्यवसाय शरीरिक अवस्भाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको भेदभाव गरिएकोछैन् ।

संविधान तथा कानुन दलितको हकहित र बृद्धिविकासको लागि आरक्षण व्यवस्था गरिएको हो । जसमा सरकारी क्षेत्रमा सरकारको स्वामित्वमा रहेका सस्थाहरु ५१ प्रतिशत भनदा बढी भएका पनि संस्थाहरुका दलितलाई ९ प्रतिशतको व्यवस्था गरिएको छ । यसबाट दलितको सामाजिक, आर्थिक, शैक्षिक लगायत अन्य क्षेत्रको विकास हुनमा निकै ठूलो उपलब्धि मिलेको छ । यस क्षेत्रका दलित जातिहरुले पनि यी हक, अधिकार, सेवा सुविधा प्राप्त गर्दै आएका छन् । जसलाई आरक्षण व्यवस्थाले पारेको प्रभावको उच्चतम प्रतिफलको रुपमा लिन सकिनछ ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

दलित भएर बाच्न विवश भएका यस जाति सामाजिक विभेद, छुवाछुत तथा भेदभाव, सास्कृतिक, शैक्षिक, आर्थिक तथा राजनैतिक रुपमा पछाडी परेका र पारिएकोले गर्दा समाजमा विकास, राज्य तथा राष्ट्रियता समृद्धि सहिष्णुता आदीमा एकरुपमा नआएको कुरामा कोदी उसैको दुईमत छैन् । नेपाल, स्वतन्त्रता, सार्वभौकिमता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वभिमानलाई अक्षणुता राखी जनताको सार्वभौम अधिकार स्वायतता र स्वशासनको अधिकार आत्मासात गर्दै साथै राष्ट्रियहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएको एतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष र वलिदानको गौरपूर्ण इसतहासलाई स्मरण स्वम शहीदहरु त्था बेपत्ता र पिडित नागरिकहरुलाई सम्मान गर्छ । सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातिय बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक, ऐकयबद्धता सहिसणुता र सदभावलाई प्रर्वधन गर्दै वर्गिय जातिय, क्षेत्रीय, भाषिक, धार्भिक, लैगिंक विभेद र सबै प्रकारको जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न आरक्षण तथा समानुपातिक समावेशिकरण र सहभागिता मुलुक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै तथा जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली नागरिक स्वतन्त्रता तथा स्वतन्त्र निष्पक्ष र सक्षमन्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य मान्यतामा आधारीत समाजवाद प्रति प्रतिबद्ध रही सकृद्ध राष्ट्र निर्माण गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, शुसासन, विकास र सम्रिद्धको आकाक्षा पुरा गर्न संविधान सभाबाट पारि गरी यो संविधान जारी गर्दछौ भनी नेपालको संविधानमा उल्लेखित प्रस्तावना अनुरुप अगाडी बढिरहेको अहिलेको परिवेशमा यो जातिमा बैचारीक तथा सैदान्तिक रुपमा परिवर्तन आउनुपनि आरक्षण व्यवस्था एक कारक तत्व हो ।

अध्ययन गरिएको यस २५ घरपरिवार मध्ये विवाहित ४८ प्रतिशत पाइयो भने पारिवारिक संरचना अन्तरगत एकात्मक परिवारको संख्या १६ प्रतिशत पाइयो । यस आकडा अनुसार त्यस क्षेत्रको दलित जाति पारिवारिक संरचना एकल पारिवारिक संरचना प्रति बढी उन्मुख हुदै गएको पाइन्छ ।

यस जातिको शिक्षा प्रतिको अवस्थालाई मध्यनजर गर्दौ निरीक्षर २४ प्रतिशत, साक्षर १६ प्रतिशत, प्रा.वि. २० प्रतिशत, नि.मा.वि. २० प्रतिशत, मा.वि. १२ प्रतिशत र उ.मा.वि. वा सो भन्दा माथि ८ प्रतिशत रहेको पाइन्छ । यसरी यस समुदायमा पहिलेको भन्दा अहिले शिक्षालाई महत्व दीनुका साथै उच्च शिक्षा हासिल गर्न लागि परेको देखिन्छ । किनभने पहिले यस क्षेत्रमा बसोबास गर्ने यस जातिका मानिसहरुले शिक्षा आर्जन गर्न थालेको र विद्यालय निरन्तर जाने गरेको पाइन्छ । शिक्षा प्रति लगाव बढ्नुमा जनचेतना आधुनिकीकरण, रेडियो, टि.भी. मा प्रसारण हुने शैक्षिक कार्यक्रम, विद्युतीय सञ्चारका साभन, गैरसरकारी संस्थाहरुले ल्याएको शैक्षिक चेतना मूलक कार्यक्रम सरकारले आरक्षण व्यवस्था द्धारा प्रदान गर्न विभिन्न सेवा, सुविधा, विद्यालयमा पाउनेदलित विद्यार्थी भत्ता आदीको कारणहरुले गर्दा यस क्षेत्रका यस जातिका बालबालिका, युवायुवतीहरु, शिक्षा आर्जन गरी शिक्षित हुदै गइरहेको पाइयो । यस समुदायमा स्वास्थ्य अवस्थाको स्थिती पनि पहिले भन्दा सुधार हुदै आएको पाइन्छ । यहाँका अधिकांस समुदायहरु पुरातन मूल्यमान्यताबाट विस्तारै सुदृढ हुदै गएका छन् । पहिला धामी झाक्रीमा बढी विश्वास गर्ने र विरामी हुदा भुतप्रेत, देवी, कुल लागेको भनी धामी झाक्री लगाउने प्रचलनबाट सुभार हुदै अस्पताल, स्वास्थ्य चौकी लाने गरेको पाइयो । यसो हुनुमा आरक्षण तथा समावेशीकरण, सहरीकरण, वैदेशिक रोजगारको प्रभाव साथै स्वास्थ्य उपचारको सहजता स्वास्थ्य सम्बन्धी चेतनाले मुख्य भुमिका खेलेको देखिन्छ । जसले गर्दा यहाँका यस जातिहरुको स्वस्थ्य अवस्थामा सुधार हुदै गएरहेको पाइयो । भने परिवार नियोजनको साधन पनि प्रयोग गरेको पाइन्छ । जसमा स्थायी साधन ६८ प्रतिशत र अस्भायी ३२ प्रतिशत प्रयोग गरेको पाइन्छ ।

आरक्षण सम्बन्धि चेतनाको अवस्थामा राज्यका हरेक संयन्त्रमा खासगरी जनसङ्ख्याको अनुपात बराबर सबै समुदाय प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता हो । त्यसैगरी आरक्षण व्यवस्थाले दलित जातिको विभेदीकरण निवारण सम्बन्धमा विभेद जिवारण हुन्छ भन्नेमा ९२ प्तिशत र हुदैन भन्नेमा ८ प्रतिशत रहेको छन् । पछिल्लो समयमा राज्य र त्यसका अङ्गमा दलित समुदायको पहुच पहिचान र प्रतिनिधित्व स्तर बढ्दै गएको छ ।

सास्कृतिक अवस्था तथा चालचलन रितिरिवाज प्रथा भने गैरदलित सँग मिल्दो जुल्दो पाइयो । सबैले हिन्दु धर्म मानेको छन् । पहिले गैरदलितहरुले प्रयोग गर्ने घमट अहिले यी समुदायलाई पनि प्रयोग गर्न दिएको पाइयो । साथै अन्य संस्कारहरुमा अझै पनि जाड रक्सीलाई सगुनको रुपमा प्रयोग गरिरहेको पाइयो । धेरै मात्रामा जाडरक्सी खाने गर्दछन् । यस जातिको मुख्य खाना ढीडो, च्याख्ला, दाल, भात, तरकारी हो । साथै, रागो, भैसी, खसी, कुखुरा बंगुर हास आदीको मासु खाने गर्दछन् । यस जातिले कुल पुजा, शंसरी पुजा, आइतवारे पुजा आदी देवी देवताको पुजा गर्नका

साथै हिन्दुहरुले मान्ने चार्डपर्वहरु दशै, तिहार, धान्य पूर्णिमा, माघे संक्रान्ती, साउने संक्रान्ती, तीज आदी मनाउने गरेको पाइयो ।

यस जातिको पेशागत अवस्थालाई हेर्दा कृषिमा २० प्रतिशत घरपरिवार, व्यापारमा१६ प्रतिशत घर परिवार, नोकरीमा २८ प्रतिशत घर परिवार बैदेशिक रोजगारि घरपरिवारमा ८ प्रतिशत र दैनिकी मजदुरीमा २८ प्रतिशत घरपरिवारमा ८ प्रतिशत र दैनिकी मजदुरीमा २८ प्रतिशत घरपरिवार संलग्न रहेको पाइयो । जसमा कुर्षि पेशामा २७ प्रतिशत मात्र घरपरिवारले कुषि पेशा गरेको पाइयो जसको आफ्नै थोरै जमिन र बाँकी अरुको बारी लिएर गरेको पाइन्छ । व्यापार तथा व्यवसायमा भने भोरै मात्र घरपरिवार संलग्न रहेको पाइयो एक जना पशु व्यापार गरेको पाइयो भने अरुले टेलरिङ गरेको पाइयो । यसो हुनुमा आर्थिक अवस्था कमजोर हुन, बढी मात्रामा घरपरिवार ज्याला मजदुरीमा निर्भर हुनाले यस जनतिका मानिसहरु व्यापार तथा व्यवसायमा कम संलग्न रहेको पाइयो ।

यस जातिको अध्ययन क्षेत्रमा भू-स्वामित्वलाई हेर्दा ५ रोपनिसम्म जग्गा हुने १४ अर्भात ५६ प्रतिशत रहेको छ । त्यस्तै१० रोपनिसम्म हुनेको संख्या ७ अर्थात २८ घरपरिवार र १० कट्ठाभन्दा माथि जग्गा हुने घर परिवार ४ अर्थात १६ प्रतिशत रहेको छ । त्यसै गरी यस जातिको उत्पादन परिणाममा ५ मुरी सम्म उत्पालन हुने २४ प्रतिशत, १० मुरी सम्म उत्पादन हुने परिवार ४० प्रतिशत, १५ मुरी सम्म उत्पादन हुने परिवार १६ प्रतिशत २० मुरी सम्म उत्पादन हुने १२ प्रतिशत र २० मुरी भन्दा काथि उत्पादन गर्ने परिवार ८ प्रतिशत पाइयो ।

यस जातिको ३ महिना सम्म खान पुग्ने घर परिवारको संख्या १० अर्थात ४० प्रतिशत, ६ महिना सम्म खान पुग्ने घर परिवारको संख्या ७ अर्थात, २८ प्रतिशत, ९ महिनासम्म पुग्ने घरपरिवारको संख्या ४ अर्थात १६ प्रतिशत रहेको छ । त्यसैगरी यस जातिले पालेको पशुपंक्षी बंगुर ४० वटा, बाखा, ६५ वटा, गाईगोरु, भैसी ३० वटा र कुखुरा १५० वटा रहेको पाइयो ।

यस जातिको वार्षिक आम्दानी रु. ५०,०००-रु. ७०,००० सम्म आम्दानी हुने घरपरिवारको संखया ९ अर्थात ३६ प्रतिशत, रु. ७०,०००-रु. ९०,००० सम्म आमदानी हुने घर परिवारको संख्या १० अर्थात ४० प्रतिशत र रु. ९०,००० देखि माथि आम्दानी हुने घर परिवारको संख्या ६ अर्थात २४ प्रतिशत रहेको पाइयो । त्यसैगरी रु. २५,००० सम्म वार्षिक अखाद्यान्न खर्च हुने परिवा। ३२ प्रतिशत, रु. ३५,००० सम्म बार्षिक खाद्यान्नमा खर्च हुने परिवार ४४ प्रतिशत र रु. ४५,००० सम्म खाद्यान्नमा खर्च हुने घरपरिवार २४ प्रतिशत रहेको पाइयो । त्यस्ते रु. १०,००० सम्म

औषधि उपचार खर्च गर्न घरपरिवार ५२ प्रतिशत रु. १५,००० सम्म औषधि उपचार खर्च गर्ने घर परिवा। ३६ प्रतिशत र रु. १५,००० भन्दा माथिसम्म औषधि उपचार खर्च गर्ने घर परिवार १२ प्रतिशत रहेको पाइयो ।

यस जातिले शिक्षामा भने कम खर्च गरेको पाइयो जसमा शिक्षामा हुने वार्षिक खर्चको विवरण हेर्दा १५ घरपरिवारले रु. ३,०००-रु.४,०००, ६ घरपरिवार रु. ४,०००-रु. ५,००० र ४ घरपरिवारले रु. ५,००० भन्दा माथि सर्च गर्ने गरेको पाइयो । शिक्षामा कम खर्च हुनुमा समुदायको नजिकै सरकारी विद्यालय हुन उच्च शिक्षा तथा प्राविधिक शिक्षा आर्जन नगरेको पाइयो , साथै सरकारले दिने आरक्षण व्यवस्था द्धारा दलित सेवा, सुविधा तथा सौलियतले पनि शिक्षामा खर्च हुने गरेको पाइयो ।

ऋण तथा कर्जा भने यस समुदायले स्थानीय साहुमहाजन, स्थानीय सस्था, सहकारी संस्था र बैंकबाट लिइएको पाइयो । जसमा रु. १०,००० रु. २०,००० लिने १४ परिवार, रु. २०,०००-रु. ३०,००० लिने ६ घरपरिवार र रु. ३०,००० भन्दा माथि ऋण लिने ५ घर परिवार रहेका छन् । धेरैले सरकारी बैंक तथा नीजि बैंकबाट ऋण नलिएको पाइयो । यसो हुनुमा उनीहरु सँग धितो राख्न बस्तु केही नभएर ऋण नलिएको पाइयो । जुन संस्था तथा समूहमा विना धितो विश्वासको भरमा ऋण दिने गर्दछन् । त्यही संस्था तथा समूहबाट ऋण लिएको पाइयो र विशेषगरेर औषधी उपचार र चार्डपर्व मनाउनको लागि ऋण दिने गरेको पाइयो । धितो राख्ने केही पनि नभएर चर्को व्याजमा भएपनि ऋण लिएर आफ्नो व्यावहार टार्ने गरेको पाइयो ।

यस जातिमा घरको किसिम तथा अवस्था भने सामान्य रहेको पाइयो । जसमा सबैको भईघर रहेको छ त्यसमा ढुङ्गाको छानो भएको घर १९ घरपरिवारको र जस्तो छानो भएको घर ६ घरपरिवारको रहेको छ । जसमा आर्थिक अवस्था कमजोर हुन र आम्दानीको स्रोत राम्रो नभएकोले गर्दा राम्रो घर नभएको पाइयो । साथै भूमिको अभावले गर्दा पनि फराकिलो घर निर्माण गर्न नसकिएको पनि पाइयो ।

यस क्षेत्रको अध्ययनबाट के थाहा पाइयो भने पहिले पहिले खानपीनमा छुवाछुत गरेपनि त्यसमा अहिले क्रमिकरुपमा सुधार हुदै गएको छ । आरक्षण तथा समावेशीकरणको जनचेतना अनुसार सार्वजनिक स्थल, धारा, कुवा, सम्मान व्यावहार भएको पाइयो भने पछिल्लो समयमा आएर गैरदलितहरुले पनि दलितले छोएको खाने गरेको पाइयो । त्यैगरी दलितहरुका विवाह, छेवार लगायत अन्य शुभकार्यमा उच्च जातिका मानिसहरु पनि आउने गरेको पाइयो । पहिलेको भन्दा

अहिले घर प्रवेशमा पनि सुधार भएको पाइयो । तर अझै पनि पुजा कोठा र भान्साघरमा भने पस्न नदिएको पाइयो । अहिले उच्च जातिका मानिस र यी जातिका मानिस सँग सँगै लाइनमा बसि मन्दिर पभत्र प्रवेश गरेर पुजा गरेको पाइयो उमेर आमाबाबाले लगाउने साइनोको आधारमा आफुभन्दा जेठो र आफु भन्दा कान्छालाई त्यही अनुसारको स-सम्मानको भाष प्रयोग गरी बोलाउने गरेको पाइयो ।

यस जातिले पनि आरक्षण तथा समावेशीकरणको जनचेतनाले यस जनसतले पढ्नु हुदैन भन्ने मान्यतालाई परिवर्तन भएको छ । आहिले यस क्षेत्रका सबै परियारहरुका सन्तानहरु विद्यालय जाने गरेका पाइयो कसै कसैले त उच्च शिक्षामा पनि अध्ययनरत गरेको पाइयको छ । शिक्षा नै समाज, व्यक्ति विवकासको मूल आधारभएकाले गर्दा यहाँका सबै घरपरिवारका बालबालिका विद्यालय गएको पाइयो । अन्य सामाजिक तथा सास्कृति सस्कारहरु जस्तै :- दलितलाई छोएपछि सुनपानी छर्केर भित्र पस्ने सिलाएर ल्याएको लुगा लगाउदा सुनपानी छर्केर लगाउने, बोटोहिड्दा उच्चचजातिको मानिस आएमा बाटो छोड्नु पर्ने आदी सबै कुरामा परिवर्तन आएको पाइयो । यस जातिमा पनि राई सँग अन्तर जातिय विवाह तथा समावेशकणको अवधारणा सगँ विभिन्न क्षेत्रमा यस जातिलाई प्रभाव पारेको पाइन्छ ।

यस क्षेत्रका यी जातिहरुको आर्थिक अवस्थाको रुपमा पहिले-पहिले बाजाबजाउने, दर्जीकामा गर्ने, घर डुलेर हिड्ने आदी प्रथाहरुमा पुरै परिवर्तन आएको पाइयो । त्यसै गरी दर्जी पेशाालाई बजार केन्द्रित गरी बजार केन्द्रित टेलरिङ्गमा रुपान्तरण गरी राम्रो आर्थिक उपार्जनको स्रोतको रुपमा विकास गरिएको पाइयो भने कसै कसै पशु व्यापार गरेर आफ्नो आर्थिक सुधर गरेको पाइयो । धेरैले ज्यालामजदुरी गरेपनि विस्तारै त्यसबाट आरक्षण व्यवस्था तथा समावेशरुकरणको अवधारणा माध्यमबाट स्वरोज्गार तालिम लिएर आफैले सुगुँर, कुखुरा आदी पालन गर्न गरेको पाइयो । वैदेशिक रोजगारमा जाने आरक्षण व्यवस्थाद्धारा सरकारी जागिर तथा निजी जागिर गरेर आफ्नोआर्थिक हैसियत सुधार गर्न यी जातिका मानिसहरु कृयाशीलभएर तदारुक्ताका साथ अगाडी बढेको पाइयो ।

नेपाल राज्यतन्त्रात्मक राज्य व्यवस्थाबाट गणतन्त्रात्मक राज्य व्यवस्था स्थापित भएको हुँदा यो समानुपातिक, समावेशीताको आधारमा मौलिक हक सहित आरक्षण व्यवस्था मार्फत सामाजिक न्याय, मानव अधिकार सहितको व्यवस्था मार्फत नयाँ मुलुकी ऐनमा भएका व्यवस्थालाई अझ परिकृत परिमार्जन गरी दलित हक हित हुनेगरी कानुनहरुको निर्माण गरिएको छ । साथै कानुनलाई सशक्त ढंगले लागु गर्ने गराउन सर्वोच्च अदालतले सरकारलाई आदेश दिएको छ ।

नागरिकतामा थर सच्याउन र नागरिकतामा आफ्नो थर राख्न पाउने व्यवस्था समेत गरेको छ । सरकारले दने आरक्षण व्यवस्था द्वारा विभिनन सेवा सुविधामा दलितलाई छुट कर मिनाह, दलित भत्ता, आरक्षणकै माध्यमबाट रोजगारमा सहज पहुँच विभिनन समिति तथा विकास समितिमा दलितको अनिवार्य दलितलाई उठाउनु पर्ने, विद्यालय व्यवस्थापन समितिमा दलित अनिवार्य हुनुपर्ने यस्ता विभिन्न क्षेत्रमा आरक्षण व्यवस्थाले दलितको अधिकार प्राप्त गर्न केही सहज भएको साथै राज्यका विभिनन तहतरकामा विस्तारै दलितको पनि सहभागी हुदै गएको पाइन्छ । यसरी यस समुदायमा पनि आरक्षण व्यवस्थाले दलित जाति सामाजिक सास्कृतिक तथा आर्थिक पक्षमा प्रभाव पार्दै गहिरहेको पाइयो ।

## ५.२ निष्कर्ष :

आरक्षण व्यवस्थाले दलित समुदायमा पारेको सामाजिक तथा आर्थिक प्रभावको अवस्थाबाट महोत्तरी जिल्ला महोत्तरी  गाउँपालिका वडा नं. २ मा गरिएको एक अध्ययनमा राज्यद्धारा आरक्षण व्यवस्याको नीति अनुसार सामाजिक रुपमा पारिवारीक संरचना आरक्षण सम्बन्धि चेतना दलितहरुको हक अधिकार सम्बन्धि छुवाछुत तथा भेदभावको अवस्थामा आरक्षण व्यवस्था तथा समावेशीले प्रभाव पारेको दखिन्छ । दलितलाई सार्वजनिक स्थलमा गरिएको वहिष्कार, धार्मिक स्थलमा गरिएको बहिष्कार, घर प्रवेश आदी क्षेत्रहरुमा समावेशीकरण व्यवस्था द्धारा दलित जातिमा परिवर्तन आएको देखिन्छ । सामाजिक रुपमा शिक्षामा राज्य द्धारा आरक्षण व्यवस्थाको भने जतिको प्रभाव अलि देखिएको छैन् । उनीहरुको भनाई अनुसार अब नयाँ पुस्तालाई शिक्षामा एउटा मुख्य इतिहासको रुपमा प्रस्तुत गर्ने उनीहरुको बाचा गर्दछन् । त्यसैगरी उनीहरुको संस्कारहरुमा पनि परिवर्तन भएको छ । जस्तै :- खानपान, भेषभूषा, धार्मिक आस्था, जन्मसंस्कार विवाहमा अन्तरजातिय विवाह आदी गैर दलितको जस्तै सामाजिक तथा सास्कृतिक अवस्थामा प्रभाव परेको छ । स्वास्थ्य क्षेत्रको कुरा गर्दा खेरी उनीहरु परम्परागत तथ्यहरुलाई पनि आत्मासात गर्दै नयाँ-नयाँ स्वास्थ्य उपकरणहरु एपयोग गरेको छन् ।

मार्क्सवाद दृष्टिकोणको मुख्य आधारशिलाको रुपमा रहेको विषय वस्तु नै आधार संरचना, उपरी संरचना र उत्पादन प्रणाली रहेको छ । जसमा आरक्षण व्यवस्थामा दलित जातिको आधार संरचना उत्पादनका सम्बन्धहरु सगँ सम्वन्धित छन् । जसमा दलित समुदाय र आरक्षण व्यवस्था विचमा नियन्त्रण गर्ने शक्तिहरुको सम्बन्धीत छन् । जहाँ दलित जातिहरुको लागि आरक्षण व्यवस्थामा दलित समुदायको उपरी संरचनामा उनीहरुको परिवार, शिक्षा, स्वास्थ्य, विचार, धर्म, चाहना, कानुन, आदि पर्दछन् । आरक्षण व्यवस्थाले दलित समुदायको सार्वजनिक, सामाजिक

प्रक्रिया तथा मूल्यमान्यतामा परिवर्तनशील छ । यही परिवर्तनले गर्दा दलितहरुको सामाजिक आयाम, राजनैतिक आयाम आर्थिक आयाम, संवैधानिक आयाम र सार्वजनिक आयाममा नयाँ समाजको सृष्टि हुनपुग्छ । वर्तमान दलित समुदायको सामाजिक प्रकृया र यिनीहरुको यथार्थता बुझ्न ऐतिहासिक आधारलाई अध्ययन गर्नुपर्छ । दलित समुदाय सिङ्गो समाज भएकाले परिवर्तन शील हुन्छ ।

यस अध्ययन क्षेत्रमा आरक्षण व्यवस्थाले दलित समुदायको आर्थिक अवस्थामा भनेको जस्तो शात प्रतिशत समस्याको हल गर्न भने सकेको छैन् । पेशााको आधारमा उनीहरु अझै पनि न्यूनतम कृषि पेशाा र दैनिकी मजदुरमा पनि भरपर्दो आएका छन् । आरक्षण व्यवस्थाको नीति अनुसार नोकरीमा भने राम्रो प्रभाव परेको देखिन्छ । यस क्षेत्रका दलित जातिहरु नोकरीमा नेपाल आर्मी भर्ती भई आफ्नो घर परिवारको आर्थिक अवस्था सुधार गरेको पाइन्छ । व्यवापार तथा व्यवसायमा भने सन्तोष जनक प्रभाव परेको छ । अझै पनि उत्पादनको क्षेत्रमा जग्गा जमिन प्रसस्त रुपमा उपलब्ध छैन् । ऋण तथा कर्जाको कुरा गर्दा अझै पनि सरकारी भन्दा गैरसरकारी क्षेत्र अगाडी देखिन्छ । वार्षिक खर्चको रुपमा अझै पनिउनीहरु खाद्यान्नमा बढी खर्च गरेको पाइन्छ । बचतको सन्दर्चमा पनि सहकारी तथा गाउँघर समूहमा नै बचत गर्ने गर्दछन् । राजनीतिक अवस्थामा अझै पनि सुधार हुन सकेको छैन् । त्यसकारण समग्रमा भन्नुपर्दा आरक्षण व्यवस्थाले दलित समुदायमा सामाजिक तथा आर्थिक रुपमा कुनै ठाउँमा अतुलनीय प्रभाव पारेको छ भने कतिपय ठाउँमा प्रभाव पार्न बाँकी नै छ ।

## सन्दर्भ सामाग्रीहरु

अम्बेडेक, भिमराव रामजी ।२०६९। सत्ता-विकर्श र दलित । समता फाउण्डेशन सानेपा ललितपुर नेपाल ।

आफानायेभ, भिकटर ।१९८६। वैज्ञमनिक साम्यवादको प्रारम्भिकज्ञान । मस्को : प्रगति प्रकाशन ।

आह'ति ।२०६७ नेपाल वर्ण व्यवस्था र संघर्ष ।राजेन्द्र मर्हजन स.। ललितपुर समता फाउण्डेसन ।

किसान यामबहादुर ।२०६५। "नेपाली राज्य शासनमा दलित समुदायको समावेशी करण एक अध्ययन" । गोरखापत्रको ११ चैत्र, २०६छ को मंगलबार प्रकाशीत ।

किसान यामबहादुर ।२०७३। नेपालमा सकरात्मक उपाय र सामाजिक समावेशीकरणः अवधारणा, अनुभव र उपादेयता । समता फाउण्डेशन सानेपा ललितपुर नेपाल ।

गुरुङ, हर्म ।२०६३। "नेपालको सन्दर्भमा सकारात्मक उपाय"। विशेषधिकार र आरक्षणको राज्नीतिमा । प्रर्ण वूनेत र सुभाष दर्लान । काठमाडौं : जागरण मिडिया सेण्टर ।

गुरु, गोपाल । सन्२०१६। भारतमाम सामाजिक न्याय बाहक : नेपालमा सकरात्मक विभेद नीतिकार्यक्रर्यक्रमहरुको कार्यन्वयन । नेपालको लागि सकारात्मक विभेद नीति प्राज्ञिक बहसमा । उज्जवन सुन्दास र अर्जुन विश्वकर्मा (सं.) पृष्ठ ३५-५६ । ललितपुर : समता फाउण्डेसन ।

चण्डोक, नीरा । सन् २०१३ । समनताको अवधारणा सकरात्मक उदयको स्थापना । असमानता र सकारात्मक कदम : विश्वव्यापी बहसमा नेपाल (१८-२०) जुलाई २०१२ मा काठमाडौंमा सम्पन्न सम्मेलनमा प्रस्तुत कार्य पत्रको सारांश । मा पृष्ठ १-४ । काठमाडौं : सोसल साइन्स बहस ।

तुन, माला । "के लिङ्ग, आदिवासी/जनजनती जस्तै हो पहिचान सम्वन्धी समूहहरुको राजनीतिक प्रतिनिधित्व"। पुर्ण वस्नेत र सुभाषदर्लान (सम्पादक) (२०६३), विशेषाधिकार र आरक्षणको राजनीतिक । काठमाडौं : जागरण मिडिया सेन्टर । पृ. २९९-३४८।

दहाल, डिल्लीराम र भट्टचन, कृष्णबहादुर ।२०६३। "नेपालमा आरक्षणसम्वन्धी समाजशास्त्रीय दृष्ट्रिकोण" । प्रर्ण वस्नेत र सुभाष दर्लान (सम्पादक) (२०६३), विशेषाधिकार र आरक्षणको राजनीतिक । कतठमाडौं : जागरण मिडिया सेण्टर । पृ. २९-८० ।

न्यौपाने, गोविन्द । सन् २००० । नेपालमा जातिय प्रश्न : सामाजिक बनावट र साझेदारीको सम्भावना । काठमाडौं : विकास अध्ययन केन्द्र ।

नेपाल स्वस्थ्य सेवा (चौथो संसोधन) ऐन, २०७०

मर्हजन राजेन्द्र ।२०७०। दलित सौन्दर्य वोध ।समता फाउण्डेसन सानेपा ललितप'र नेपाल।

मार्क्स, कार्ल र एन्गेल्स, फ्रेडरिख ।१९८६। कम्युनिष्ट पार्टीको घोषणा पत्र । मस्को : प्रगति प्रकाशन ।

मार्क्स, कार्ल र एन्गेल्स, फ्रेडरिख ।१९८७। पेरिस कम्युन । मस्को प्रगति प्रकाशन ।

मिश्रा चैतन्य ।२०६५। मार्क्सवाद र संस्कृति ।काठमाण्डौं : शहिद स्मृति प्रकासन ।

लोकसेवा आयोग २०७९

भट्टचन, कृष्ण : तेज स'नार र यसोकान्ति भट्टचन (गौचन) ।२०६५। नेपाल जातिय भेदभाव । दलित गैरसरकारी संस्था महासंघ, नेपाल र अन्य ।

विश्वकर्मा, लुमासिह र विश्वकर्मा, बिमल ।२०६१। नेपालमा दलित समुदायकाा लागि आरक्षणको स्वरुप अध्ययन प्रतिवेदन २०६१ । काठमाडौं : दलित असार । कठमाडौं : लोक सेवा आयोग ।

सिम्खडा, ध्रव ।२०७१। समावेशी तर्फ सकरात्मक संकेत । कान्तिपुर, ७ भाद्र ।

https://www.kantipurdaily.com/news/2014-08-23/394516html/

शिवाकोटी, गोपमल ।२०४७। राजननीतिक विचारधाराको इतिहास । काठमाडौं रत्न पुस्तक भण्डार

सुनाम, रमेश ।२०७४। समावेशीताको बहस । समता फाउण्डेशन, सनेपा ललितपुर नेपाल ।

Dahrendorf, R. (2019). Class and class conflict in industrial society. In *Social Stratification, Class, Race, and Gender in Sociological Perspective, Second Edition* (pp. 105-111). Routledge.

Appadurai, A. (1986). Is homo hierarchicus?.

## अन्तर्वाता अनुसूची

## अनुसुची-१

आरक्षण व्यवस्थामा संलग्न दलित परिवारको घरमूलीलाई सोध्नका लागि तयार पारिएको अर्न्तवार्ता अनुसुचि ।

१. व्यक्तिगत विवरण :-

(क) नाम थर :- ______________________ (ख) उमेर :- ________

(ग) लिङ्ग :- ____________ (घ) मातृभाष :- ____________

(ङ) धर्म :-____________ (च) शिक्षा :-________

(छ) पेशा :-________________

(ज) वैवाहिक स्थिती :-

(क) विवाह :-____________ (ख) अविवाहीत :- ________

(ग) एकल:-____________

(झ) पेशा :-

(क) कृर्षि :- ____________ (ख) नोकरी :- ________

(ग) व्यवसाय :- ______________ (घ) दैनिक मजदुर :- ____________

२. परिवारिक विवरण :-

(क) परिवारको प्राकर

(अ) सयुक्त☐ (आ) एकल:- ☐ (इ) अन्य☐

(ख) परिवारको सदस्यहरु उमेर नाता आदि:-

| क.स | नाम थर | लिङ्ग | उमेर | उत्तरदाता संगको अध्ययन | शैक्षिक योग्यता | पेशा |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |
| १२. | | | | | | |
| १३. | | | | | | |
| १४. | | | | | | |
| १५. | | | | | | |
| १६. | | | | | | |
| १७. | | | | | | |
| १८. | | | | | | |
| १९. | | | | | | |
| २०. | | | | | | |

१. आरक्षण भन्नाले तपाई के बुझ्नुहुनछ ?

______________________________

२. के तपाईलाई थाहा छ आरक्षण के के मा पाइन्छ ?

(क) छ ☐ (ख) छैन् ☐

३. यदि थाहा छ भने के के मा छ ?

______________________________

४. तपाई ले राज्यबाट प्राप्त हुने आरक्षण व्यवस्था लिनु भएको छ ।

(क) छ ☐ (ख) छैन् ☐

५. यदि राज्यबाट आरक्षण व्यवस्था लिनु भएको छ भने के के लिनु भएको छ ?

(क) छ (ख) छैन्

(ग) रोजगारी (घ) सामाजिक विकास

६. तपाई वा तपाईको परिवारका सदस्य मध्ये कुनै सदस्यले आरक्षण वयवस्था पाएका छन् ?

(क) छन् ☐ (ख) छैनन् ☐

७. दलितलाई भनेर राज्यले दिएको आरक्षण व्यवस्थाबाट तपाईको कुनै क्षेत्रमा सुधार भएको छ ?

(क) छ ☐ (ख) छैन् ☐

८. राज्यले दलितलाई विशेष सुविधा भनेर छुट्टयाएको आरक्षण व्यवस्था प्रतिशत कोटाबाट तपाई सन्तुष्टि हुनुहुन्छ ?

(क) छ ☐ (ख) छैन् ☐

९ यदि तपाई सन्तुष्ट हुनुहुन्छ भने कति मात्रामा हुनुहुन्छ ?

क) धेरै ☐ (ख) कम ☐

(ग) मध्यम ☐ (घ) अति धेरै ☐ (ङ) अति कम☐

१०. तपाई कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दु ☐ ख) क्रिस्चियन☐

ग) बौद्ध ☐ घ) अन्य ☐

११. पहिले कुन धर्म मान्नुहुन्थ्यो ?

........................................................................................ ।

१२. तपाईहरुको जन्म, मृत्यु, विवाह संस्कारमा के-के गर्नुहुन्छ ?

........................................................................................।

१३. तपाईहरुको जन्म, मृत्यु, विवाह संस्कारमा पहिले अहिले के फरक छ ?

........................................................................................।

१४ तपाईहरुले बनाएको भोजभतेर उच्च जातिहरुले खान्छन् ?

क) खान्छन् ☐ ख) खादैनन्☐

१५. उच्च जातिहरुले उनीहरुको विवाह, व्रतवन्ध, मृत्यु लगायत अन्य सस्कारहरुमा तपाईलाई निमन्त्रणा गर्दछन् ।

.......................................................................................................... ।

क) पहिले र अहिलेमा के फरक छ ?

.......................................................................................................... ।

१६. तपाईहरुले आफ्नो सस्कारमा कुन किसिमको बाजा प्रयोग गर्नुहुन्छ ?

................................................................................ ।

क) पहिले र अहिलेमा के फरक छ ?

.............................................................................. ।

१७. सार्वजानिक स्थानहरुमा तपाईहरुलाई विभेद गरिएको छ । कि छैन ?

..................................................................................... ।

क) पहिले र अहिलेमा के फरक छ ?

....................................................................................... ।

१८. विष्टको चलन छ कि छैन् ?

.................................................................................... ।

क) पहिले र अहिलेमा के फरक छ ?

..................................................................................... ।

१९. उच्च जातिलाई तपाईले गर्ने सम्मानको भाषमा पहिले र अहिले मा फरक छ कि छैन् ?

क) छ ☐ ख) छैन☐

२०. के तपाईलाई सम्बोधन गर्दा आदर सम्मान गर्छन ?

........................................................................ ।

क) गर्छन भने कस्तो लाग्छ ?

........................................................................।

ख) गर्दैन भने कस्तो लाग्छ ?

........................................................................ ।

२१. तपाईको समुदायमा अन्तर जातिय विवाह भएको छ ?

............................................................................... ।

क) भएको छ भने कुन जाति समुहसँग भएको छ ?

.................................................................................. ।

ख) छैन भने किन हुन नसकेको होला ?

........................................................................ ।

२२. आरक्षण बाट समाजमा गैर दलित बराबर जतिकै हैसियत तथा स्तर आउन सक्छ ? तपाईलाई के लाग्छ ?

...............................................................................................................।

२३. आरक्षण व्यवस्था कायम भइरहेयो भने के भेदभावको अन्त्य हुन्छ ?

................................................................................................ ।

क) हुन्छ ☐ ख) हुदैन☐

२४. के आरक्षणले समाजमा विभेदको निवारण गर्छ ?

क) गर्छ ☐ ख) गर्दैन ☐

२५. आरक्षण बाट सामाजिक चाल चलनहरुमा परिवर्तन आउन सक्छ तपाईलाई के लाग्छ ?

............................................................................................ ।

२६. दलितको हक अधिकार र विशेष व्यवस्था भनेर आरक्षण लिएको छ। के यो साचो हो तपाईलाई के लाग्छ ?

.............................................................................................................. ।

## अनुसुची-२

### आर्थिक आयाम

१. आरक्षण व्यवस्थाले  तपाईको आर्थिक उन्नति भएको छ ?

(क) छ☐ (ख) छैन्☐

२. आरक्षण व्यवस्थाले तपाईको पेशामा के कस्तो प्रभाव पारेको छ ?

---

३.यदि प्रभाव पारेको छ भने कुन कुन पेशामा पारेको छ ?

(क) व्यापार ☐ (ख) कृर्षि ☐

(ग) नोकरी ☐ (घ) मजदुरी☐

४. तपाईको परम्परागत पेशालाई आरक्षण व्यवस्थाले परिवर्तन ल्याएको छ ?

---

५.रोजगारमा दिएको आरक्षण व्यवस्थाले तपाईको जीवन परिवर्तन ल्याएको छ ?

---

६. तपाईको जग्गा जमिन छ ?

(क) छ☐ (ख) छैन् ☐

७. तपाई जग्गाको उब्जनीले वर्षभरी खान पुग्छ ?

(क) पुग्दैन ☐ (ख) पुग्छ☐

८. यदि पुग्दैन भने वर्षभरी कति खान पुग्दैन ?

(क) ३ महिना☐ (ख) ६ महिना☐ (ग) २ महिन☐

९. राज्यले भूस्वामित्वहिन दलित जातिलाई आरक्षण व्यवस्था द्धारा भूस्वामित्व प्रदान गर्न व्यवस्था छ के तपमईले पाउनु भएको छ ?

---

१०. सरकारले विपन्न वर्गलाई कर्जा दिने व्यवस्था गरेको छ तपाईले लिनु भएको छ ?

(क) छ भने के कार्य गर्न लिनु भयो ?

---

(ख) छैन भने किन लिनु भएन ?

---

११. सरकरले दिएको स्वरोजगार तालिम तपाईले लिनु भएको ?

(क) छ भने यसले तपाईलाई फाइदा गरेको छ ?

______________________________

(ख) छैन भने किन लिनु भएन ?

______________________________

१२. विभिन्न क्षेत्रमा दिइएको आरक्षणले आर्थिक वृद्धि गर्दछ भन्ने राज्यको मान्यता छ के तपाईको बुझाईमा यसमा कतिको सत्यता छ ?

...........................................................................................................................

१३. आरक्षण व्यवस्थाले तपाईहरुको सबैभन्दा बढी कुन क्षेत्रमा परिवर्तन ल्याएको छ ?

....................................................................................................................... ।

१४. आरक्षण व्यवस्था तपाईलाई कुन-कुन क्षेत्रमा अझ बढी भईदिए हुन्थ्यो भन्ने लाग्छ ?

........................................................................................................................... ।

१५. आर्थिक वृद्धि नै समाजमा समानता ल्याउने मूल कारक तत्व हो भन्ने कुरामा तपाई सहमत हुनुहुन्छ ?

क) छैन् ☐ ख) छु ☐

१६. तपाई कस्तो प्रकारको घरमा बस्नु हुन्छ ?

क) पक्कि☐ ख) कच्चा☐ ग) दुवै ☐

१७. तपाईको घर परिवारका कुनै सदस्य वैदेशिक रोजगारमा संलग्न हुनुहुन्छ ?

क) छैन् ☐ ख) छ☐

१८. यदि छ भने बैदेशिक रोजगारले तपाईको परिवारमा आर्थिक सुधार ल्याएको छ ?

क) उस्तै छ☐ ख) सुधार ल्याएको छ☐